# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



धर्मकीर्ति वसुन्धरा विहारमा श्रामणेर ऋषिणी प्रव्रज्या समारोहमा सम्मिलित सहभागीहरू

DHARMAKIRTI

**सि पुन्ही**

**वर्ष–२१; अङ्क–११**

**बिक्रम सम्वत् २०६०**

### सुवर्ण छत्रपुर विहारया ज्याझ्वः

२०६० पौष २४ गते, विहीवार ।

सुवर्ण छत्रपुर विहार लुभुया ग्वसाले चीबहाः पतिकं बुद्ध पूजा व धर्मदेशना याय्गु ज्याझ्वः कथं पुन्हीपतिकं बुद्ध पूजा न्ह्याका च्वंगु समाचार दु । थुगु ज्याझ्वः न्ह्यानाच्वंगु दच्छि पूवंगु लसताय् बौद्ध युवक भजन खलः व प्रेम प्रज्ञा ग्वसाः खलःया सकृयताय् छगू ज्याझ्व क्वचाःगु दु । भिक्षु बोधिज्ञान पाखें शील प्रार्थना याका बिज्याःगु उगु ज्याझ्वले थःथःगु मनया खँ प्वंकादीपिं व्यक्तिपिं थुकथं दु । नारायण लाल श्रेष्ठ, गुरु रामहरी श्रेष्ठ, कृष्ण गोपाल श्रेष्ठ, विष्णु रत्न शाक्य, रामगोपाल सिंह, बाबुराम महर्जन, इन्द्रमान श्रेष्ठ व पूर्ण मान महर्जन आदि ।

थुगु हे कार्यक्रम कथं मिति २०६० माघ १ गते लुभु भगवती लाछी दुगु चीवहाले बुद्ध पूजा सम्पन्न जूगु समाचार दु । थुगु ज्याझ्वले श्रामणेर जनक पाखें शील प्रार्थना याका बिज्यासे धर्मदेशना याना बिज्याःगु खः ।

### धर्मोदय सभाया बुद्ध ज्ञानप्रचार कार्यक्रम

२०६० पौष २६ गते ।

थाय्- यम्पि विहार, ललितपुर ।

धर्मोदय सभाया मासिक अन्तिम हप्ताय् थासं थासय् बुद्ध ज्ञान प्रचार आयोजना याय्गु ज्याझ्वः कथं संचालन जूगु ज्याझ्वले प्रा. आशाराम शाक्यं बुद्ध धर्म बारय् विस्तृत रुपं ब्याख्या यानादीगु दु ।

### थःगु गल्ति सुधार यायेमागु देशना

थाय्- यल घ्योचाकु संल्हू । यलया लायकू स्थित विश्वमैत्री विहारे शील प्रार्थना व बुद्ध पूजां लिपा जूगु बौद्ध सभाय् भिक्षु शोभनं आध्यात्मिक उन्नतिया लागी थःगु आचरण सुधार मयासे मगागु देशना याना विज्यासे उपासक उपासिका पिन्सं श्रवण यानागु खँ थुइका मेपिन्त कनेफसा धर्म प्रचार सार्थक जुइ धया बिज्यात ।

दिलशोभा शाक्यं तृष्णाय् भुले मजुसे शरीर वचन चित्त शुद्ध यायेमागु विचाः प्वंका दिल । धर्मया खँ कना दीपिं बोधि रत्न शाक्य व लक्ष्मी महर्जन पिन्त भन्ते शोभनं सिरपाः बिया बिज्यागु खः । काजिलाल उपासकं यलया दक्षिण भेगया माफ खण्डे बौद्ध विहार निर्माण यानाच्वंगु खँ कनादिल । सन्तमान शाक्यं लसकुस यानादीगु खःसा प्रेमबहादुर वज्राचार्य सुभाय देछाया दीगु खं । स्व. थपाजु शाक्यया लुमन्तिस रत्नमाया शाक्यं जलपानया व्यवस्था याना दीगु खः ।

### "बौद्ध संघया ग्वसालय् विचाः गोष्ठी"

२०६० पौष १२ गते । थाय्- बौद्ध समकृत विहार, ख्वप ।

"बुद्ध धर्मया अभ्यासे युवाभूमिका, समस्या व समाधानया लँपु" विषयस बौद्ध संघया ग्वसाले छगू विचाः गोष्ठी जूगु समाचार दु । ख्वपया थीथी बौद्ध संघ संस्थाया प्रतिनिधि व युवापिसं ब्वति काःगु थुगु ज्याझ्वले सकसितं बौद्ध कार्यकर्तापिनि व्यवहार बाँलाय्माःगु व बुद्धधर्मया प्रचारे प्रभावकारिता हयत थनया संघ संस्थाते दथुई समन्वयात्मक रुपं ज्याझ्वत न्ह्याकेमाःगु खँय् बःबिल । युवाबौद्ध पुचः, मैत्रय युवा संघ, धर्मोदय सभा ख्वप कचाः, बौद्ध संपदा संघ, दिपंकर ज्ञानमाला भजन खलःया प्रतिनिधि व युवा बौद्ध विद्वानपिसं ब्वतिकाःगु थुगु ज्याझ्वः संघया नायोः भाजु त्रिरत्न शाक्यया अध्यक्षताय् न्ह्याःगु खः । पञ्चशील प्रार्थना धुंकाः संघया दुजः तुलसी काजि मानन्धरया लसकुस न्वचु व उपाध्यक्ष भाजु संघरत्न शाक्यं शुभाय् न्वचु वियादीगु थुगु विचाः गोष्ठीया न्ह्याकेज्या लक्ष्मीचन्द्र बज्राचार्य यानादिगु खः ।

## विषय-सूचि


| क्रसं विषय | लेखक | पेज नम्बर |
|---|---|---|
| १. बुद्ध-वचन | - | १ |
| २. सम्पादकीय- हामीलाई यस्तै ... | - | २ |
| ३. धम्मपद-१६७ | - रीना तुलाधर | ३ |
| ४. शान्ति खोज्न काहाँ जाने ? | - हरिकृष्ण श्रेष्ठ | ३ |
| ५. अनाथपिण्डिक | - सत्यनारायण गोयन्का | ४ |
| ६. बुद्धया शरणे वंसा लाभ ज्वीई | - प्रविन तुलाधर | ५ |
| ७. धर्मकीर्ति पत्रिकाको सदस्यहरु | - | ५ |
| ८. भविष्यको धर्म-बुद्ध धर्म ? | - डा. गणेश माली | ६ |
| ९. हाम्रो सानो सुन्दर देश नेपाल | - हिरण्यराज बज्राचार्य | ७ |
| १०. सही धर्मको पहिचान | - रन्जनराज महर्जन | ८ |
| ११. क्रोध व मैत्री | - हर्षरत्न शाक्य | ९ |
| १२. नामरूप | - पूर्णबहादुर प्रजापति | ९ |
| १३. असुरक्षित भगवान | - लुमन्ति शाक्य | १० |
| १४. बुद्ध धर्ममा परियत्ति ... ... | - डा. सानुभाइ डंगोल | ११ |
| १५. पौष संल्हूया घटना | - आनन्दमानसिं तुलाधर | १४ |
| १६. प्रतिपदा-३ | - भूषण शर्मा हुमागाई | १५ |
| १७. तामाङ्गको घ्याओमा लाँड ... ... | - प्रताप विष्ट | १७ |
| १८. ज्ञान मालाच्वना | - चन्द्रमाया प्रधान | १७ |
| १९. लुम्बिनी वने जन्म जूम्ह | - रामभक्त हाँयूज | १७ |
| २०. नेपाःया वर्तमान अशान्ति व ... | - कृष्णकुमार प्रजापति | १८ |
| २१. मेत्ता सेन्टरको अनुरोध | - | २१ |
| २२. बाल आश्रमलाई सहयोग | - | २१ |
| २३. धर्मकीर्ति बिहार-गतिविधि | - | २२ |
| २४. धर्म प्रचार-समाचार | - | २३ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५३ १८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित
फोन: ४२५७ ५७२

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५९ ४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**FEBRUARY 2004**



| | | | |
|---|---|---|---|
| वर्ष- २१ | अङ्क- ११ | सिपुन्ही | फागुन २०६० |






★ संसर्ग भएपछि स्नेह उत्पन्न हुन्छ। अति स्नेहबाट नै दु:ख हुन्छ। यो स्नेह नै दोष हो, यस्तो सम्झिएर गैंडाको खाग जस्तै आसक्त रहित भई छुट्टै रहनुपर्दछ।

★★★

★ हेर यो आसक्ति हो; यस्मा सुख थोरै मात्र छ, आस्वाद कम छ र दु:ख धेरै छ। सावधान! यो माछालाई फसाउने बल्छी झैं हो। (सुत्तनिपात)

★★★

★ जुवामा धन हार्नाले जति नोक्सानी हुन्छ त्यो कम छ, तर सत्पुरुषहरूको सम्बन्धमा आफ्नो मन कलुषित पार्नु ता सर्वस्व हानि भन्दा पनि धेरै आफ्नो हानि हो।

★★★

# सम्पादकीय

## हामीलाई यस्तै जीतको खाँचो भइरहेको छ

एक व्यक्तिले अर्को व्यक्ति माथि बदला लिने मनसायले विजय प्राप्त गर्ने कार्यलाई बुद्ध शिक्षा अनुसार साँचो विजय भन्न मिल्दैन । जब कसैले आफ्नो मनका कुभावनाहरु हटाई शुद्ध र निःश्वार्थ परोपकारी मार्गमा जाने कार्य गर्दछ, त्यही व्यक्ति मात्र साँचो अर्थमा विजयी बन्नेछ । बाहिरी शत्रुलाई हतियार र हिंसा बलले जितेर कति जित्नु ? एउटालाई ढाल्न पाउँदैन अर्को शत्रु खडा भइसक्छ । हिंसा बलले शत्रु पराजित गर्ने मनसाय जबसम्म आफ्नो मनमा रहन्छ, तबसम्म मनमा शान्तिले ठाउँ लिन सक्दैन । क्रोधको अग्नी त जलीनै रहन्छ । यस्तो जीत र पराजीत को भावनाले हामीलाई अशान्तिको खाल्डोमा जाकिरहेकै हुन्छ । यसरी हामीले आफ्नो बाँच्न पाउने चार दिनलाई यही अशान्तिको खाल्डोमा खसाल्दै बितायौं भने हाम्रो जीवनको औचित्य नै के रह्यो र ? एकदिन मर्ने लक्ष लिएर यस संसारमा जन्मिएर चार दिनको पाहुनाको रूपमा रहेका हामी हारजीतको चक्रमा फसिसकेपछि भ्रममा पर्ने गर्छौं । फलस्वरूप सदाको लागि बाँच्न पाउने मृग तृष्णामा परी तँ तँ र म म गर्दै अज्ञानतावस अहँकारीपनालाई अगाडि सार्न पुग्छौं । फेरि हामीले नै आफूलाई बुद्धका शिष्य हामी भन्न पछि पर्दैनौं । बुद्ध जन्मेको देशमा जन्मेका हामी बुद्ध अनुयायी हौं भन्दै हिंड्छौं । तर बुद्ध शिक्षा अनुरूप आफूलाई ढाल्न सकेमा मात्र बुद्धको शिष्य बन्न पाउने रहेछ । कहलाउनु र बन्नुमा धेरै फरक हुँदो रहेछ ।

बुद्धले त भन्नुभएको छ, "हजारबार हजार युद्ध भूमीहरूमा हजार योद्धाहरूलाई आफू एक्लैले जित्नसके पनि त्यस व्यक्तिलाई विजयी भन्न मिल्दैन । जसले आफूलाई जित्न सक्छ, त्यही व्यक्ति मात्र साँचो विजयी बन्न सक्नेछ"

बुद्धको यस उपदेशानुसार जबसम्म आफ्नो अज्ञानी मनको नोकर बनिन्छ, तबसम्म त्यस व्यक्ति चक्रवर्ती राजा नै किन नहोस्, त्यसलाई विजयी व्यक्ति भन्न मिल्दैन । किनभने त्यस चक्रवर्ती राजालाई पनि उसको मनले आफ्नो नराम्रा स्वार्थहरू पूरागर्न आदेश दिइराखेकै हुन्छ । उ अरूको गुलाम नबने पनि आफ्नै अज्ञानी मनको गुलाम बनिरहेको हुन्छ ।

त्यसैले यदि संसारमा विजयी भएर बस्ने रहर छ भने बाहिरी शत्रु माथि विजय पाउने होइन आफ्नै मन माथि विजय प्राप्त गर्नु उत्तम हुनेछ । यदि अन्य व्यक्ति माथि विजय प्राप्त गर्ने मनसाय रहेको छ भने हतियार र हिंसाले होइन आफ्नो शुद्ध मैत्री, करूणा, दया र स्नेह भावले जित्ने प्रयास गर्नुपर्दछ । अरूलाई शारीरिक र मानसिक यातना दिएर होइन उनीहरूको राक्षसी र दानव हृदयलाई मानव हृदयमा परिवर्तन गरी खराब व्यक्तिलाई असल व्यक्ति बनाई जित्ने कार्य गर्नु पर्दछ । जब यसरी आफ्नो मैत्री बलले जित्न सक्छ त्यो जीत कहिले पनि पराजीतमा परिणत हुन सक्दैन । यस कार्यले कहिले पनि पश्चातापको भावना श्रृजना गर्दैन । यसले त अनौठो मानसिक शान्ति प्रदान गर्नेछ । हामीलाई आज यस्तै जीतको खाँचो भइरहेको छ ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद–१६७

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**पेमतो जायती सोको - पेमतो जायती भयं**
**पेमतो विप्पमुत्तस्स - नत्थि सोको कुतो भयं ?**

**अर्थ–** प्रेमको कारणले शोक हुन्छ, प्रेमको कारणले भय हुन्छ। प्रेमबाट मुक्त भई सकेकालाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ?

**घटना–** उपरोक्त गाथा भगवान बुद्धले जेतवनमा बस्नु भएको बेला बिशाखा उपासिकाको कारणमा भन्नु भएको थियो।

विशाखा उपासिकाको दन्ता नामकी एउटी नातिनी थिइन्। विशाखाको घरमा भिक्षु संघ आउने बेलामा विशाखा अनुपस्थित भईन् भने भिक्षु संघलाई स्वागत सत्कार गर्ने जिम्मा नातिनी दन्तालाई छोडेर जान्थिन्। एकदिन अचानक तिनकी त्यस नातिनीको मृत्यु भयो। विशाखाले त्यो दुःख सहनै सकिनन्। मृत नातिनीको अन्तिम संस्कार गरेपछि शोक थाम्न नसकी विशाखा विहारमा गइन्। शोक विह्वल भएर बुद्धलाई वन्दना गरिन्। एक छेउमा दुःखित भएर बसिन्।

त्यसरी शोक विह्वल भएर आएकी विशाखालाई देखेर भगवान बुद्धले सोध्नु भयो– "के भयो विशाखा तिमी किन यसरी दुःखी दुर्मन भएर, आँखाभरि आँसु राखी रोएर बसेकी ?" विशाखाले भनिन्– "मेरी अति प्रिय नातिनी, भनेको जति सबै काम गरी दिने व्रत सम्पन्न बच्ची अब मेरी सामू रहेन।"

बुद्धले सोध्नु भयो– "हे बिशाखे। यस श्रावस्ती नगरमा कति मान्छे छन् ?"

विशाखाले भनिन्– "तथागतले नै बताउनु भएको अनुसार सात करोड छन् रे।"

बुद्धले भन्नुभयो– "यदि तिनीहरू सबै दन्ता कुमारि समान भए तिमीलाई मन पर्छ कि पर्दैन ?"

विशाखा– "मनपर्छ, भो भन्ते।"

भगवान बुद्ध– "यस श्रावस्ती नगरमा दिनहुँ कति मान्छे मर्छन् ?"

विशाखा– "थुप्रै मर्छन्, भन्ते।"

भगवान बुद्ध– "त्यसो भए तिमी दिन रात रोएर बिताउने गर्थ्यौ। अरू केही काम गर्दैनथ्यौ। विलाप गर्न तिमीलाई समय नपुग हुन्थ्यो।"

विशाखाले भनिन्– "भो भन्ते अब मैले सम्झें।"

बुद्धले भन्नु भयो– "राम्रो भो। त्यसो भए शोक नगर। शोक होस् वा भय प्रेम गरेकै कारणले उत्पन्न हुन्छ।

यति भनेर भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो। ■

## शान्ति खोज्न काहाँ जाने ?

✍ हरिकृष्ण श्रेष्ठ, धरान १२

भदौ रे भेलले पनि हल्ला नै गर्छ।
खहरे खोला पनि उर्लेर आउँछ॥
छेउ छाऊको बस्ती समेत समेटेर लान्छ।
बगरको रमाईलो, उजाड बनाई दिन्छ॥

शहरी क्षेत्र भित्र प्रवेश गरे।
कानको जालिफुट्ने गरी कराउने हर्नहरू॥
किच्याउली भनि रफ्तारमा दौडीने गाडीहरू॥
मान्छेको पनि कति व्यस्त ठेलम ठेल अनि आवाजहरू

जंगल तर्फ अघि बढे।
बम र गोली को आवाज॥
जंगली जनावर सम्म तर्सी तर्सी।
दायाँ र बायाँ भाग रे भाग॥

कतै हिमाल तर्फ शान्ती खोज्न लागे।
हिउँको पहिरो भका भक॥
हिम नदीहरूको चर्को स्वर।
कहिं पाईएन शान्ती ठाउँ॥

चिच्याहट, ठेलम ठेल।
धक्का र धक्की अनि भिडन्त
पड्केर गोली बारी ज्यानै जाने गरी
हे बुद्ध अब हामी शान्ती खोज्न काहाँ जाने ?

शान्ति खोज्न काहाँ जाने ?

# अनाथपिंडिक

**– कल्याणमित्र सत्यनारायण गोयन्का**

श्रावस्तीबाट राजगृह आईपुगेका अनाथपिंडिकले जब लोकमा बुद्ध उत्पन्न भएको छ र भोली उनको सालोको घरमा भोजनकोलागि भगवान बुद्ध सहित संघलाई निमन्त्रणा गरेको छ भन्ने थाहा पाए, अनाथपिंडिक भगवान बुद्धको दर्शन गर्न आत्तिए। छिटो भन्दा छिटो भगवानको दर्शन गर्न लालायित भए। रात परिसकेको थियो, भगवानलाई भेट्ने उचित समय थिएन। र भगवान नगर भन्दा बाहिर शीतवनमा विहार गरिरहनु भएको थियो, सूर्य अस्ताउने बित्तिकै नगरका द्वार बन्द गरिसकेको थियो अत: भगवानलाई भेट्न सम्भव नै थिएन। भोली विहान सबेरै भगवानलाई भेट्न जाने इच्छा लिएर अनाथपिंडिक सुते। उज्यालो भयो भन्ने सम्झेर रातमा पटक पटक उठीरहे र मिर्मिरे हुनुभन्दा अगाडी नै उठेर श्मसान जाने ढोकाबाट निस्केर शीतवन पुगे। भगवान त्यससमय चंक्रमण गरिरहनु भएको थियो उसलाई देखेर भगवान आसनमा बस्नु भयो र उनलाई पुकार्दै भन्नुभयो– आऊ, सुदत्त।

यही उसको सही नाम थियो, अनाथपिंडिक त उनको उपाधि मात्र थियो। अनाथ व्यक्तिहरूलाई नित्य भोजन दान दिने हुनाले अनाथपिंडिक भनिएको थियो ओहो! भगवानले मेरो नाम लिएर बोलाउँदै हुनुहुन्छ, हर्ष विभोर हुँदै शिर झुकाएर भगवानलाई सोधे, "भगवान तपाईं आज सुख पूर्वक सुत्नु भयो ?" भगवानले शान्तिपूर्ण वाणीमा उत्तर दिनु भयो–

"परिनिर्वाण प्राप्त ब्यक्ति सदैब सुख पूर्वक सुत्छ।" भगवानले उनलाई पूर्व जन्मका धर्मकथा सुनाउनु भयो, धर्म देशनाबाट उनको मन शान्त भयो, प्रसन्न भयो। त्यसपछि दु:ख सत्य, त्यसको उत्पत्ति त्यसको निरोध र निरोध गामिनी प्रतिपदाका बारेमा बताउनु भयो। यी दु:ख सत्यको बारेमा सुन्दा सुन्दै उनको धर्म चक्षु खोल्यो, आफ्नो अनुभवले निरोधलाई थाहा पाए। उनले निर्वाण अवस्थालाई साक्षात्कार गरे, अनाथपिंडिक स्रोतापन्न भए। धर्म-चर्चा उनको लागि केवल बुद्धि विलासको विषय मात्र रहेन, उनले धर्मलाई स्वयं अनुभव गर्न थाले। भगवानको धर्ममा यसरी स्थापित भए कि अब उनलाई अन्य सहाराको आवश्यक नै भएन। भगवान प्रति अत्यन्त श्रद्धा विभोर भएर अर्को दिनको लागि भोजनमा निमन्त्रणा गरे। भगवानले मौन रहेर स्वीकार गर्नुभयो। भोजनको प्रबन्ध सालोको घरमा नै गरियो। भोजन ग्रहण पछि भगवानले धर्मोपदेश गर्नु भयो तब अनाथपिंडिकले दुई हात जोडेर भगवान समक्ष प्रार्थना गरे कि भगवान भिक्षु संघ सहित अर्को वर्षावास श्रावस्तीमा बस्ने स्वीकार गर्नु होस्।

भगवानले स्वीकार गर्नु हुँदै भन्नुभयो– "गृहपति, तथागत सून्यागारमा रहन मनपराउँछ।" अनाथपिंडिक प्रफुल्लित भए।

श्रावस्तीमा गएर भगवानको लागि विहार बनाउन उपयुक्त स्थानको खोजी गर्न थाले, विहार निर्माणको लागि उपयुक्त स्थान शहर भन्दा धेरै टाढा पनि हुनुहुँदैनथ्यो धेरै नजीक पनि हुनु-हुँदैनथ्यो, आवागमनको सुविधा भएको ठाउँ उपयुक्त थियो। धर्म सिक्न आउनेहरूका लागि सुगम हुनुपर्थ्यो। दिउँसो ज्यादै भीड नहुने, रातमा पनि हल्ला नहुने, जहाँ सुनसान वातावरण आवागमन कम भएको ठाउँ ध्यानको अनुकूल हुन्थ्यो। यस्तो उपयुक्त ठाऊँ खोज्दै खोज्दै जाँदा जेत राजकुमारको बगैंचा सम्पूर्ण आवश्यकता अनुसार अनुकूल ठहऱ्यो। यो ठाऊँ किन्नको लागि अनाथपिंडिक जेत राजकुमार कहाँ गए। राजकुमार आफ्नो सुन्दर बगैंचा बेच्न चाहँदैनथे। अनाथपिंडिकले जिद्दी गरिरहे पछि उनलाई टाल्नको लागि रीसले कोटि सन्थर भनेर मूल्य राखे। कोटि सन्थरको अर्थ थियो त्यस भूमिको एक छेउदेखि अर्को छेउसम्म सुनका सिक्का बिछ्याउनु, सुनका सिक्काले ढाक्नु।

अनाथपिंडिकले तत्क्षणमा नै जमान पक्का गऱ्यो। नचाहेर पनि जेत राजकुमारले जग्गा बेच्नु पऱ्यो। उनले यति धेरै मूल्य त्यस जग्गाको आउला भन्ने सोचेकै थिएन। अनाथपिंडिकले गाडाहरूमा सुनका सिक्का भरेर बगैंचामा विछ्याउन थाले एक छेउदेखि भर्दै-भर्दै ल्याउन थाले।

जुन ठाऊँमा भगवान विहार गर्नु हुन्छ त्यहाँ भगवानको साथमा अनेक भिक्षुहरू पनि साधना गर्नु हुन्छ, यस्तो तपोभूमिको मूल्य अमूल्य हुन्छ। अनाथपिंडिकलाई त्यो मूल्य पनि कम लाग्यो। जस्ले स्वयं धर्म रसको स्वाद लिईसक्यो उसको मनमा यस्तो भाव आउनु स्वाभाविक नै थियो कि धर्म रसको स्वाद सबैले लिउनन्। जहाँ भगवान स्वयं रहनु हुन्छ त्यहाँ



Downloaded from http://www.dhamma.digital

मानिसहरूलाई धर्म प्राप्त गर्नु त अत्यन्त सजिलो हुन्छ। उनले अत्यन्त प्रसन्न चित्तले जेतवनमा सुनका मोहरले भर्न थाले, उनी खुसीले गद्‌गद् थिए, आफ्नो सम्पत्तिको सही सदुपयोग हुन थालेकोमा प्रसन्न थिए।

राजकुमार, यो घटना हेरिरहेका थिए। सुनका सिक्काहरू बिछाइरहेको देखेर अचम्म मानिरहेका थिए। सोच्न थाले कि-साँच्चै यहाँ कुनै महत्वपूर्ण कार्य हुँदैछ होला नभए यो सेंठले आफ्नो सम्पत्ति किन यसरी खर्च गर्थ्यो। सुन बिछाउन केही ठाउँ बाँकि थियो अनाथपिंडिकले फेरी ल्याउन अह्राउँदै थियो, जेतकुमारले हतपत अनाथपिंडिकलाई रोके– हद भयो गृहपति अब बाँकि भागमा नभर, सुन नबिछाउ, मलाई दान दिने अवसर देऊ।

जेत कुमारको कुरा सुनेर अनाथपिंडिकले स्वीकार गर्‍यो, नगरको प्रमुख ब्यक्ति राजकुमारको यस्तो पूण्यकार्यमा सहभागी हुनु पनि उपयुक्त नै थियो।

अनाथपिंडिकले त्यस बहुमूल्य जमीनमा विहार बनाए प्रवेशद्वार, कोठाहरू, सभागृह, पानी तताउने, अग्निशाला, भण्डारघर, शौचालय, चंक्रमण गर्ने खुल्ला ठाउँ, खाने पानीको ब्यवस्था, स्नानागार, पोखरी बनाए जस्बाट हजारौं संख्यामा भिक्षु तथा साधकहरू भगवानको सानिध्यमा सुविधापूर्वक ध्यान गर्न सकून्। भगवानको यस परम श्रद्धालु गृहस्थ शिष्यले सदाको लागि दानको इतिहासमा एउटा अतुलनीय उज्वल किर्तिमान स्थापित गरे।

## सोपाक

श्रावस्तीको एक दरिद्र महिला गर्भवती थिईन्। सोपाक उनको गर्भमा नै थिए। गर्भवती आमा बेहोश भएर भूईमा लडिरहिन्, सबैले मरिसकी भन्ने थानेर श्मसानमा फालिदिए। त्यहाँ केही क्षण होशमा आईन् र बालक सोपाक लाई जन्म दिईन्, प्रसव पछि उनको त्यहीं निधन भयो। बालक सोपाकलाई उनको पिताले नै हेर विचार गर्न थाले। सोपाक चार महिनाको हुँदा उनको पिताको पनि देहान्त भयो। त्यसपछि उनको काकाले हेर विचार गर्न थाले। काका अत्यन्त चण्ड स्वभावका थिए। सा-साना कुरालाई लिएर सोपाकलाई पिट्ने गर्दथ्यो। सोपाक सात वर्षको हुँदा एउटा कुरालाई लिएर उनको काका यति रिसाए कि उनलाई श्मशानमा लगेर एउटा लाशसंग बाँधेर छोडिदिए ता कि स्यालले मूर्दा संगै उसलाई पनि खाओस्। सदाको लागि उनीबाट मुक्ती पाउने उपाय सोचेर त्यहाँ छोडे।

असहाय सोपाक रातमा चिच्याउँदै रोईरहे, उनको क्रन्दन सुन्ने त्यहाँ कोही पनि थिएन, रुँदै रह्यो। भगवानलाई उनको दयनीय अवस्थाको बारेमा जानकारी भयो र भगवान त्यहाँ जानुभई उसलाई खोलिदियो र आफ्नो शरणमा प्रव्रजित गर्नु भयो। सोपाकले साधना गर्दै गए र अरहंत अवस्था प्राप्त गरे। आफ्नो मुक्तिको उल्लासमा हर्ष पूर्ण उद्‌गार व्यक्त गर्दै भन्यो जसरी आफ्नो एक्लो छोरो प्रति कुशल मंगलको भावना राख्छ त्यसरी नै सबै प्राणी प्रति कुशल मंगलको भावना राखुन्। ■

## बुद्धया शरणे वंसा लाभ ज्वीइ

– प्रविन तुलाधर, असं दगुवहा:

जिगु छुंगु छुंगु जिगु गुलि हाला च्वना रे
ज्ञानया चक्षुं स्वरे छक, दक्वो वाना वनेमानि रे

गबले तक ल्हाना च्वनी सास: रे
अबले तक माँ बौ मचा खाचा फुक्कं रे

सितकि छुं मन्त, त्वता दक्वों वनि रे
निन्हु जक ख: जिन्दगानी ध्व ख: पक्का रे

च्वने मते भ्री सुम्क आसे ला:नि धका रे
लोभया जालय् तक्यना गुलि जुई धका रे

त्वता वने बले ज्वना वनेगु निता जक रे
सीकि पासापिं व ख:, धर्म व पाप रे
बुद्धया सरणे वसा जक, भीत ज्वीइ लाभ रे

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

क्र.सं. ४१५
राम प्रसाद चौधरी (स्रोत शिक्षक)
उदयपुर सगरमाथा
रु. १०००/-

क्र.सं. ४१६
सुश्री रामेश्वरी चित्रकार
तंलाक्षी, काठमाडौं
रु. १०२२/-

# भविष्यको धर्म-बुद्ध धर्म ?

✒ डा. गणेश माली

हाम्रो समाज आजको स्थितिमा द्वन्द्वात्मक छ– शक्तिवान् शक्तिहीन, ऐश्वर्यशाली-ऐश्वर्यहीन, धनी-गरीब, पूँजिपति-श्रमिक, मा समाज विखण्डित छ । मानिस र मानिसको बीच असमानता छ, आकाश जमीनको फरक छ ।

हाम्रो यस विसमतापूर्ण द्वन्द्वात्मक समाजका साधारण लक्षणहरू हुन् विपरित स्वार्थहरू बीच संघर्ष र द्वन्द्व, शक्तिशालीको जीत, गरीबहरूको दमन र शोषण-संक्षेपमा दु:ख र अशान्ति, अत्यधिक तृष्णाको कारण समाजमा दारुण दुखाग्नि दहकनु ।

जब जब समाजमा जीवन गुजार्न कठिन हुन्छ, जीवन-चक्रको बाटोमा अवरोधहरू खडा हुन्छन्, तब तब संघर्ष चर्कन्छ, काम क्रोध लोभ इर्ष्या डाह आदि मानसिक विकारहरूले उग्ररूप धारण गर्छन्, अनि मानिसहरूमा पाशविक प्रवृत्तिहरू जागृत हुन्छन् । फल स्वरूप स्वार्थसंघर्ष हुन्छ, समाज विखण्डित हुन्छ ।

विज्ञान तथा प्रविधिले ल्याइदिएका सुविधाहरू भोग गर्दैमा मान्छेको पाशविक प्रवृत्ति मानवीय-प्रवृत्तिमा बदलिन्छ, बरु उन्नत हातहतियारहरू प्रयोग गरी संघर्ष झन् भयावह बनाउँछन् ।

हाम्रा केही विचारक महामानवले जुन धर्महरू निकाले, तिनीहरूको वावजूद स्वार्थ संघर्षमा लागेका मानिसहरूले व्यवहारमा धर्मलाई रीतिरिवाजसम्म सीमित राखी पाशविक प्रवृत्ति कै प्रयोग गरीरहेका छन् । धर्महरूलाई नै विवादमा ल्याई धार्मिक युद्धहरू गर्दैछन् । अन्धश्रद्धाको कारण धर्महरू झन् विकृत हुन पुगेका छन् ।

अभिवृत्ति (Attitudes) र (Skill) शीप हरू नभएको ज्ञान निस्फल हुन्छ । धर्महरूको पनि यही हालत भएको छ । धर्मका कुराहरू जटिल भएर बुझ्न नसकिने मात्र होइन व्यवहारमा प्रयोग गर्न नसकिने पनि भैरहेका छन् ।

हाम्रा धेरै जसो धर्म व्यक्ति परस्त छन् अर्थात् व्यक्तिको शान्तिको लागि मात्र छन्, समाजलाई स्वार्थ-संघर्ष र द्वन्द्व पूर्ण कचिंगल सम्झी समाजबाट बाहिर निस्केर धर्म पालन गर्ने प्रचलनले समाजमा भइरहने अन्याय अत्याचार प्रति अन्यमनस्कता वा बेवास्ताको भावनालाई टेवा दिइएको छ । बुद्धको पालमा पनि जहाँ हजारौं भिक्षुहरू अर्हत् बने त्यहाँ शाक्य र कोलीयको बीच सामाजिक संघर्ष यथावत नै रहे । यो हाम्रो धर्महरूको ठूलो कमजोरी हो ।

व्यवहारिक जीवनमा धर्मकर्म गरी हिंड्ने र आर्काको अन्याय अत्याचार सहेर बस्ने वा वास्ता नगर्नेहरू वीष नभएको सर्प जस्तै तिरस्कृत र अपहेलित हुन्छन् ।

फेरि अन्धविश्वासी पकड र कट्टरताको कारण धेरै जसो धर्महरूमा यथार्थ सत्यको खोजगर्ने र स्वतंत्र चिन्तन गर्ने प्रवृत्तिकै ह्रास हुँदै गइरहेको छ । यही कट्टरताकै कारण एउटै धर्मका शाखा उपशाखाका अनुयायीहरू बीच पनि मेल हुन सकेन ।

विशेष गरी आजभोलीको युगमा विज्ञान र प्रविधिको क्षेत्रमा भैरहेको प्रगतिको कारण विश्वभरी कै सामाजिक जीवन प्रभावित भैरहेको छ । यातायात र सञ्चार क्षेत्रमा भएको प्रगतिले विश्वलाई नै मानिसहरूको एउटा साझा घर बनाइदिएको छ, अन्तर्राष्ट्रिय भाषाको विकास भइरहेको छ, र विभिन्न देशका विभिन्न विश्वास र आस्था राखेका व्यक्तिहरू पनि एकै थलोमा बसी विचार आदान प्रदान गर्ने भएका छन् ।

वैज्ञानिक ज्ञान संगै विकास भएर आएका वैज्ञानिक ज्ञानमा आधारित दर्शन तथावादहरूले नयाँ जमानाका मान्छेहरूलाई आकर्षित गरीरहेको छ, र पुराना धर्महरूको नाकामयावीको कारण अधिकांश व्यक्तिहरू नयाँ वादहरू तर्फ लाग्न थालेका छन् ।

पुराना धर्महरूको कमी कमजोरीको कारण मानव समाजमा घट्दै गएको धर्मरूको प्रभावकारितालाई ध्यानमा राख्दा, आजको वदलिंदो विश्वको पृष्ठभूमिमा एउटा यस्तो धर्मको आवश्यकता महसूस हुन्छ, जुन् वैज्ञानिकतामा आधारित होस्, समाजलाई धार्मिक मोड दिन राख्ने, सम्पूर्ण मानव जातिलाई माथि उकास्ने, मानव मानवमा मेल गराउने मैत्री करुणा मुदिता र उपेक्षाको भावनालाई फिंजाउने, र विश्वका थरीथरीका व्यक्तिहरूलाई एक सूत्रमा बाँधि, सामाजिक



Downloaded from http://www.dhamma.digital

विकृतिहरू हटाई, संसारमा शान्ति स्थापना गर्ने काममा जागरूकता पूर्वक मानव समुदायलाई लगाउन सक्ने होस् ।

आजभोली विश्वमा भैरहेका परिवर्तनहरूलाई ध्यानमा राख्दा धार्मिक शाखा उपशाखाहरू बीच वाद विवाद गरी अल्झिएर बस्नु हास्यास्पद देखिन गएको छ; विश्वका अधिकांश मानवहरू आज एउटा यस्तो धर्मको प्रतिक्षामा देखिन्छन् । जसले विश्वभरीका मानवहरूलाई एकै सूत्रमा गाँसी परस्पर हित र सुखको लागि मिलेर काम गर्ने प्रेरणा देवस् । जसले मानव मात्रमा सदाचरणको बानी बसाली, मानसिक स्थिरता शान्ति र प्रज्ञा दिन सकोस्, र जसबाट प्रभावित भई विश्वका विभिन्न समस्याहरूलाई स्थिर र शान्त भई समझदारीको आधारमा मानव समुदायको भलाईको लागि सुल्झाउँदै जाने बानी बसालोस् । यसप्रकारको धर्मको रूपरेखा, मानव मात्रको हित र सुखलाई ध्यानमा राखी तथागतले प्रतिपादन गर्नुभएको विशुद्ध मानव धर्म संग मेल खानेछ भन्ने कुरा संदेह रहित छ । साथै यो पनि संदेह रहित छ कि हाम्रो विश्व विस्तार विस्तारै अनेक राष्ट्रवादबाट अन्तर्राष्ट्रिय सहयोग तर्फ, विभिन्न सँस्कृति र वादहरूबाट एक संस्कृति एक वाद तर्फ, जस्तै विभिन्न धार्मिक मान्यताहरूबाट एक सर्वसम्मत वैज्ञानिकतामा आधारित धार्मिक मान्यताहरू तर्फ अगाडि बढीरहेकोछ । ■

# हाम्रो सानो सुन्दर देश नेपाल

हिरण्यराज वज्राचार्य, ल:पु.भिंछेवाहाल

स्वच्छ हिमालको काख मुनि ।
हाम्रो सानो सुन्दर देश नेपाल ॥
दक्षिणमा छ विशाल भारत ।
उत्तरमा पनि विशाल चीन ॥
माझमा हाम्रो सुन्दर देश नेपाल ।
बुद्ध, भृकुटी, जनक सीता र ।
अरनिको हाम्रै नेपालमा जन्मिएको ॥
यतिमात्र कहाँ हो र ? विश्वामित्र आदि ।
ऋषिमुनिहरूको यही तपोभूमि रहेको ॥
यसैले सानो भएर के हुन्छ र ? ।
प्रकृतिले सिंगारीएको हाम्रो नेपाल ॥
सुन्दर शान्त र विशाल भएर ।
विश्वकै उदाहरण भै ठिंग उभिएको ॥
स्व. महाकवि लक्ष्मीप्रसाद भन्छन् ।
असल र वहुमूल्य चीज सवै हुन्छन् ॥
आँखा सानो तर अट्छ विशाल क्षितीज ।
हिस्सी परेको निष्पापी शिशु पनि त सानो ॥
त्यस्तै गरी दुर्लभ नव रत्न पनि त सानो ।
हाम्रो नेपालको उत्तरमा पहाडै पहाड ।
त्यस्तै गरी दक्षिणमा फाँटै फाँट ॥
सप्त नदी कलकलगरी बगीएको छ यहाँ ।
जल शक्ति र प्राकृतिक भण्डार भै कन पनि ॥
हामी सवै नेपाली दुर्भाग्य दरिद्रता जालिएको
कस्तो विडम्बना दरिद्र भै हामीले दु:ख भोग्नु परेको ॥
तर पनि इमान्दारी बहादुरी गोरखाकाली ।
त्यस्तै हामी सवै नेपाली इज्जतमा बाँचिएको ॥
यतिमात्र कहाँ हो र हाम्रो नेपाललाई ।
स्व. श्री ५ वीरेन्द्रले शान्ति क्षेत्र घोषित गरेको ॥
शान्तिक्षेत्र घोषित हाम्रो नेपालैमा ।
नेपाली नै बिखण्डित्त भै अशान्ति फैलिएको ॥
पर्ख हाम्रो यो सुन्दर देशलाई किन बिगारौं ? ।
यसैले अव जागौं, नेपाली नेपाली किन फुटौं ॥
हामी सबै मिली जुली नेपाल बनाऔं ।
किनकि हाम्रो यो शान्ति क्षेत्र नेपाल हो ॥
यसलाई हामी किन शान्तिमय नबनाऔं ।
किनकि हामी नेपाली नेपाली न हौं ?
यसैले झगडा युद्ध लाई एकातिर पन्छाई
अब लौ, हामी सबै मिली जुली शान्ति क्षेत्र बनाऔं
शान्ति ! शान्ति !! शान्ति !!!
■

# सही धर्मको पहिचान

✍ रन्जनराज महर्जन

प्राकृतिक नियम अनुसार आगोले पोल्नु र पानीले भिज्नुनै सहि धर्म हो। साथै (मानवमात्रमा) प्राणीमात्रमा चोटलाग्दा दु:ख्नु, घाऊ हुँदा रगत आउनु यथार्थता सहि हो भने मानिसले गर्ने सम्पूर्ण कार्यहरूमध्ये सबैको हित हुने कल्याण हुने, सुख शान्ति हुने कार्य वा वचन नै सहि धर्म (शुद्ध धर्म) हो।

मानिसले आफ्नो इच्छा, चाहना वा अज्ञानतामा परी गरिरहेका सम्पूर्ण अन्धविश्वासी कार्यहरू र धर्मका नाममा गरिरहेका काम (कार्य) र सहिरुपमा गरेका धर्मका कार्यहरू गरी दुई प्रकारका धर्म समाज र विश्व व्यापीरूपमा विकेका छन्। त्यसैले ठिकसंग बुझेर मात्र धर्मलाई राम्रोसंग पालन गरौं। धर्मको सारलाई बुझौं, सहि रूपमा सारलाई बुझेमा त्यसलाई ग्रहण गर्न सक्छौं। नत्र भित्रको सार तत्त्व छोडेर बोक्रामा नै अल्झि रहन्छौं। र त्यसैलाई नै सार सम्झेर धर्म भन्न थाल्छौं। लामो परम्पराको कारणबाट धर्मको नाउँमा जुन थोत्रो बोक्रा बचेका छन्, त्यसबाट अलग होऔं र शुद्ध धर्मको सारलाई ग्रहण गरौं। धर्मको सार नै मंगलदायक हो, सार्थक हो, केबल बोक्रा निरर्थक हुन्, हानिकारक हुन्, सार प्राप्त भए पछि मात्र साँचिकै सुख प्राप्त हुन्छ।

धर्म! धर्म भनेको आफ्नो जीवन जिउने तरिका हो। स्वयं आफू सुख पुर्वक बाँच्ने र अरुलाई पनि सुख संग बाँच्न दिनु नै धर्मको सार तत्त्व हो। सबै जना सुख संग बाँच्न चाहन्छन्, दु:खबाट अलग रहन चाहन्छन्, तर हामीलाई यो कुरा थाहा छैन कि वास्तविक सुख के हो र यो पनि हामीलाई थाहा छैन कि त्यसलाई कसरी प्राप्त गर्न सकिन्छ। अनि हामी असत्य सुखको पछि-पछि बौलाहा झैं दौडिन्छौं। र वास्तविक सुखलाई नबुझेर त्यसै छोडेर दु:खको पछि पछि सुख हो भन्ने भ्रममा पर्दछौं। जसले गर्दा आफू त दु:खी हुन्छ नै त्यसको साथै अरुलाई पनि दु:खित बनाउँछौं।

वास्तविक सुख आन्तरिक शान्तिमा हुन्छ र आन्तरिक शान्ति चित्तको विकार विहीनतामा हुन्छ, चित्तको निर्मलतामा हुन्छ चित्तको विकार विहीन अवस्था नै वास्तविक सुख शान्तिको अवस्था हो। त्यसैले साँच्चि शान्ति र साँच्चैको सुख उसले भोग्दछ जसले निर्मल चित्तले जीवन बिताउँदछ। जो जति विकासबाट मुक्त रहन्छ ऊ उत्ति नै दु:खबाट मुक्त रहन्छ, उत्ति नै उसले जीवन जिउने सहि तरीका जानेको हुन्छ र उति नै ऊ सही अर्थमा धर्मवान् हुन्छ। झिनो विश्लेषण नगर्ने हो भने निर्मल चित्तको आचरण नै सहि धर्मको अर्थ हो।

जसरी भिन्न-भिन्न रुप सजाउँदै गयो, त्यसरी नै अलग-अलग थोत्रो, निर्जीव, निष्प्राण कर्मकाण्ड हाम्रो लागि धर्म बन्न गयो र हामीलाई त्यो साह्रै प्यारो लाग्यो। शुद्ध धर्म फेरि छुट्यो जसको कारण हामीले चुल्हो चोकिलाई, काँचो पाकेको भान्छालाई, जातपातलाई, छुट-अछुटलाई, यस तीर्थ वा त्यस तीर्थमा गई नुहाउनुलाई धर्म भन्न थाल्यौं, पुर्व वा पश्चिमतिर मुखगरी उभेर वा बसेर घुँडा टेकेर वा पलैंटी कसेर हात जोडेर वा अन्जुली पसारेर दण्डवत् प्रमाण गरी यस वा त्यस देवी-देवता, गुरु-आचार्य वा धर्म नेताको तस्वीर, मूर्ति, धातु-अवशेष समक्ष वन्दना गर्नु टाउको झुकाउनु, वत्ती बाल्नु नैवेद्य चढाउनु घण्टा बाजा, शंख आदि बजाउनु, नाच्नु-गाउँनु जस्ता कार्यलाई नै धर्म भन्न थाल्यौं। यसबाहेक कुनै अज्ञात अदृश्य सत्तालाई सन्तोष र सुखी पार्नको लागि धर्मको नाममा कलङ्कित (नराम्रो चलन) कार्य जसतै कुखुरा, गाई, भैंसी, बोका आदि पशुपंक्षी का साथ साथै मानिसलाई समेत बलि चढाउनु र यसलाई नै धर्म मान्ने चलन छ। सायद अरु अज्ञानताले गरेका धर्म, पाठ-पूजा, नाच-गान, कुनै मूर्ति-तस्वीरमा फूल माला, नैवेद्य चढाई टाउको झुकाउने, वन्दना गर्ने धर्म भन्दा यो प्राणी हिंसा गर्ने धर्म भनेको त धर्मको रुपमा एक कलङ्कीत अन्य विश्वासको चरम सिमा नै पुगेको नराम्रो धर्म होला। यो भन्दा गए गुज्रेको धर्म अरु कुनै नहोला। मानिसले यति किन बुझ्न सकेन कि "मानिसले गर्ने कुनै पनि धर्ममा कसैलाई मार्नु पाप हो" साय्द यहि नै हाम्रो दुर्भाग्य होला। यस्तो दयनीय अवस्थामा पुगेको धर्ममा फेरी अर्को शुद्ध ब्राह्मण भन्दछन्– "म बर्मामा आएको चालिस वर्ष वितिसक्यो। यहाँ आएर मैले चोरें, छलकपट गरें, लागुपदार्थ सेवन गरें तर आफ्नो धर्मलाई छोडिन।" "धर्मलाई कसरी



Downloaded from http://www.dhamma.digital

नछोडेको त ?" प्रश्न गर्दा उसले तुरुन्त जवाफ दियो– "यी चालीस बर्ष भित्र मैले कहिल्यै कुनै बर्मीजको हातले छोएको पानी सम्म पनि खाइन ।" अब तपाईंहरूले नै विचार गर्नुहोस् कि हामीले धर्मलाई कस्तो दयनीय अवस्थामा पुऱ्याएका रहेछौं त ? के अब हामीले यो कुरा बुझिसकेपछि पनि यहि कर्मकाण्ड यहि भूमरीमा अल्झिराख्ने त ? बिल्कुल नै हैन । त्यसैले अब अँध्यारोबाट उज्यालो तर्फ सरौं, अज्ञानबाटज्ञान तर्फ कदम बढाऔं । यसैमा हामी सबैको कल्याण हुन्छ ।

यसकारण आफ्नो सुख-शान्तिको लागि मात्र होइन अपितु (अर्थात) सबैको सुख शान्तिको विभिन्न धर्म धारण गरौं । विश्व विधान अनुकुल जीवन जीउँ र अटुट निष्ठापुर्वक धर्म दर्शनको अभ्यासद्वारा चित्तलाई विकारबाट अलग गर्नमा लागौं । यस अभ्यासमा जुनसुकै बाधा आउन् ती जति सुकै मन पर्ने किन नहुन् ती हाम्रो मतमतान्तरको रीतिथिति मान्यताको जतिसुकै अनुकुल किन नहुन् त्यसलाई निर्ममता पूर्वक पन्छाएर "एक बने सबै बन्छ", "जे आइपर्ला त्यो भई तर्ला भन्ने उक्ति अनुसार अनन्यभावले चित्त विशुद्ध गर्नमा अठोत परिश्रम गरौं । साथै आजदेखि हामी सचेत भएर कोही महापुरुषको अनुभवमा (पुराना परम्परामा) उत्रेको वचनलाई हाम्रो बुद्धि रुपी कसीमा घोटेर हेरौं र त्यसको आधारमा हाम्रो प्रत्यक्ष अनुभूतिको अभ्यास हुन सकेमा मात्र रथ ठिक दिशामा अगाडि बढ्छ र गन्तब्य स्थान सम्म पुऱ्याउँछ । यि महत्त्वपूर्ण कुरालाई (अङ्गलाई) ठीक ठीक उपयोग गरी हामी असत्यबाट-सत्यतिर, अज्ञानबाट ज्ञानमा बन्धनबाट मुक्ति तर्फ बढ्दै जाऔं । यसमा प्राणीमात्रको भलाई हुनेछ र यहि नै शुद्ध, कल्याणकारी धर्म र सही धर्मको पहिचान हो ।

॥ भवतु सब्ब मङ्गलं ॥

## क्रोध व मैत्री

हर्षरत्न शाक्य

क्रोध धयागु नुगले झीगु
ज्ञान मदयेवं झत्त च्वं वैगु ।
झीगु मनया सुख व शान्ति
फुक हे तंकाहइ वं भ्रान्ति ।
क्रोधं झीगु नेत्र नइगु
नुगले स्यंकेगु शक्ति तइगु ।
परैत पीडा बीके छ्वैगु
दुःख झी ज्वीगु कर्म स्यनीगु ।
मैत्रीभाव मने दत धा:सा
प्राणित सकलें झी ज्वी पासा ।
वनागु थासे मन ज्वी शान्त
शंका पीडा दैमखु झीत
ज्ञान विवेक व परउपकार
ज्वीक्यगु मैत्री भावना भार ॥
दान व शील समाधि थ्व स्वंगू
मैत्रीभावया रश्मि हे वोगु ॥
क्रोधं ज्वीकल स्वार्थी झीपिं
परजनपिन्त पीडा बीपिं ॥
मैत्रीभाव धना झी नुगलय्
परउपकारय् जुयेनु सकलें ॥

## नामरूप

पूर्णबहादुर प्रजापति
ज्याठा

लेखिरहेको हो बालाजुमा बसी
अनित्य यो संसार बसिरहन पाउँदैन
मरेर जानु पर्ने जन्म हो यो
जानु पर्छ छोडेर मेरो भन्नु के छ र
धन सम्पत्ति छ भनेर के लानु पाईन्छ ?
म भन्ने कहाँ छ भन यहाँ
बुद्धको शरणमा बसी
भव संसार तरेर जानको लागि
काम, क्रोध, मोह, लोभ, त्याग गरी
तृष्णा चित्तलाई आफ्नो बसमा राखी मनलाई समाति राखी
शील समाधि प्रज्ञा दन्हो गरि ध्यान बसी
शील प्रार्थना गरेर मात्र हुँदैन पालन गर्नु अनिवार्य छ
मासुको आखाँले होईन हृदयको आखाँले देख्नु पर्छ

# असुरक्षित भगवान

✍ **लुमन्ति शाक्य**, तानसेन

बाटोमा हिडिरहेकी थिएँ, एउटा अचम्मको घटना घट्यो । एउटा मन्दिरबाट दुइटी अधवैंसे महिलाहरू पूजा थाली लिई, रातो अक्षताको टीका लगाई, फूल सिउरेर, भर्खरै पूजा सकाएर फर्किरहेका थिए । तर दुवैले एक आपसमा आ-आफ्नो बुहारीको कुरा काट्दै र गाली पनि गर्दै थिए । त्यस्तै अर्को मन्दिर मा पूजा गर्न जानेहरूले एउटा कुकुर जसले पूजा सामाग्री छुने प्रयास मात्र गरेको थियो, त्यसलाई ढुंगाले हानी रगताम्ये पारी दिए । शायद यी दुई घटना मेरा लागि मात्र अनौठो थियो । किनकी मेरा वरिपरि रहेका अरू व्यक्तिहरूले यस प्रति कुनै प्रतिक्रिया नै जनाएनन् । मानौं त्यो उनीहरूका लागि सामान्य थियो । साधारण रूपमा हेर्दा त यी घटनाहरू सामान्य लाग्दछन् । तर गहिरिएर सोंच्यौं भने साह्रै उदेक लाग्न थाल्छ । आखिर हामी के का लागि मन्दिर जान्छौं ? पूजा गर्छौं ? शायद यसको उत्तर एउटै आउँछ- धर्म कमाउन । तर के एउटी बुहारीलाई उसको अनुपस्थितिमा खुब गाली गरी कुरा काट्नु धर्म हो ? एउटा कुकुरलाई मरणासन्न हुने गरी पिट्नु के यो धर्म हो त ?

आज धर्मको गलत ब्याख्या भइरहेको छ । आज धर्म भनेको भगवानको मन्दिर निर्माण गर्नु हो; पाषाण मूर्तिको मुखमा जवर्जस्ती पेंडा, लड्डु कोचिदिनु हो; पैसाको सिक्काले मूर्ति माथि प्रहार गर्नु हो । गजब लाग्छ पृथ्वीका स्वघोषित सर्वश्रेष्ठ जन्तु 'मानव' प्रति । के आज उनको सोच्ने शक्ति यथार्थ मै यतिको गिर्दैछ ? तर यति भन्दैमा मैले आफूलाई पूर्ण रुपमा मूर्ति पूजाको विरोधी वनेर देखाउन खोजेकी भने होइन । मानिसको मन न हो, कोही उसलाई मन पर्ने महान व्यक्तित्व होस्, धर्मात्मा होस् आफ्नो अगाडि राख्न चाहन्छ र पूजा गर्न थाल्छ । यही कारणले गर्दा नै प्रागऐतिहासिक मानवले आफ्नो कल्पनाको आधारमा जन्म दिएको भगवानलाई क्रमशः पछिका मानवले पहिले डर तथा पछि श्रद्धा भावले हेर्न थाले । फलस्वरूप भगवानका विभिन्न मूर्ति बनाई पूजा गर्न थालियो । यही कारणले गर्दा नै मूर्ति पूजाका विरोधी स्वयं भगवान बुद्धको महापरिनिर्वाण पछि उनका चेलाहरूले श्रद्धा स्वरूप मूर्ति बनाई पूजा गर्न थाले ।

मूर्ति पूजा भक्ति, श्रद्धा प्रकट गर्ने माध्यम हो । आत्मिक शुद्धताको बाटो तर्फ अग्रसर गराउने बाटो हो । अथवा भनौं आध्यात्मिकता तर्फ उन्मुख गराउने पहिलो खुड्किलो हो । हामी आज पनि विभिन्न पर्वमा देवताहरूको मूर्ति बनाई त्यसमा प्राण प्रतिष्ठा गराई त्यसको विसर्जन गर्छौं । जसको अर्थ हुन्छ, हामी त्यो मूर्ति पूजाको स्तरबाट अमूर्त तर्फ अग्रसर हुनुपर्दछ । तर हामी यतिकैमा भुलिरहेका छौं । केही सिमीत वर्गलाई छोडेर हामी मध्ये कोही आज आफूलाई बडो धर्मात्मा देखाउन; पाप लुकाउन मन्दिर धाउँछौं, कोही परम्परा जोगाउन त कोही स्वार्थ पूर्ति गर्न । हामी आत्मिक शुद्धिको लागि होइन, केही माग्नको लागि मूर्ति अगाडि उभिन्छौं र त्यसको बदलामा घूस दिन्छौं । कति शक्तिशाली रहेछ मानव 'फलको आशा नराख, निष्काम कर्म गर' भन्ने भगवानलाई नै लोभी बनाइदिन सक्ने ।

वास्तवमा साह्रै नै विकृति आइसकेको छ आज मूर्ति पूजामा । आज भगवान जसले सबै जीव प्रति समान व्यवहार राख्नु पर्ने हो उसको मन्दिरमा जान पनि विशेष जात, वर्गको ठप्पा चाहिन्छ । आज भगवान कसैले छोइ दिए मात्र पनि विटुलो हुन सक्छ । आज भगवानको प्रसाद लिन पनि घूस दिनुपर्छ । त्यो भगवान जसले धार्मिक चेतना जगाउन खोजेको थियो, उसैको नाममा आज ठूला ठूला साम्प्रदायिक दंगा भइरहेका छन् । साँच्चै नै दयनीय भएको छ भगवानको अवस्था । मानिसले यसलाई आज यति असुरक्षित र निरिह बनाइ दिइ सकेको छ कि कुनै पनि बेला कसैले आएर आजको भगवानलाई सजिलै चोरेर लैजान सक्छ ।

के आज मानिसका मस्तिष्कले काम गर्न नै छोडिसकेका छन् त ? के हामी भगवान वा भगवानरूपी धर्मलाई जोगाउन सक्दैनौं ? शायद सक्छौं यसलाई बाह्य रुपमा होइन, भित्री रूपमा अंगालेर । देखावटी रूपमा केही क्षणको लागि होइन जीवनका प्रत्येक क्षण क्षणमा यसलाई आफूसंगै राखेर । होइन भने दिन-प्रतिदिन असुरक्षित, कमजोर हुँदै गइरहेको भगवान चाँडै यो पृथ्वीबाट लुप्त भएर जानेछ ।

■



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा परियत्ति शिक्षाको स्थान

– डा. सानुभाइ डंगोल

**सद्‌धर्मको ज्ञान–**

हामी बसेको यो धर्तीलाई सुन्दर तरिकाले विकास गर्न मानवले जे जति ठूलो योगदान दिन सक्दछ, त्यति ठूलो योगदान अरु कुनै प्राणीले दिन सक्दैन । यस्तै हामी बसेका यो धर्तीलाई बृहत रूपले विनाशको खाडलमा जाक्न मानवले जे जति निकृष्ट भूमिका निभाउन सक्दछ, त्यति निकृष्ट भूमिका अरु कुनै प्राणीले निभाउन सक्दैन । मानव यसरी यो धर्तीको सुन्दरतम विकासको साथै बृहत विनाशको लागि उतिकै जिम्मेवार व्यक्तित्व हो । यसरी जिम्मेवार व्यक्तित्वको रुपमा रहेको मानवलाई बृहत विनाशको खाडलबाट सुन्दरतम विकासको गोरेटो तर्फ सच्चा धर्मले जे जति डोऱ्याउन सक्दछ त्यति अरु कुनै कारक वा तत्वहरूले सक्दैन । यसैले यो धर्तीलाई सुन्दर तरिकाले विकास गर्नको लागि अति आवश्यक पर्ने तत्व हो, सच्चा धर्मको ज्ञान । मानवलाई सच्चा धर्मको ज्ञान प्रदान गर्ने कुरामा बुद्ध धर्मले दिने योगदान अरु धर्महरूको दांजोमा कम होइन बरु बढी नै रहने छ भन्ने कुरामा कुनै शंका मान्नु पर्ने देखिदैन पनि । यसको मूल कारण हो, बुद्ध धर्मलाई दृष्टिकर्ता इश्वर (Creator God) र धर्मै नमान्ने महान व्यक्तित्वहरूले पनि आदर्शपरक जीवन पद्धतिको रुपमा अंगाल्ने वातावरण रहनु । यस सन्दर्भमा प्रसिद्ध बौद्ध विद्धान अगष्ट कार्ल रेश्चर (August Karl Reuschaur) को भनाई यस प्रकार छः–

"Buddhism, though Indian in origin and reflecting an outlook on life that is characteristically Indian, has stood for certain values which have universal validity. The Buddha regarded his message as a message for mankind and not merely for his people, and as a matter of fact, Buddhism rather early in its history became a missionary religion, first to the millions of India and then beyond the borders of India."*

अर्थात्– भारतमा उत्पति भइकन भारतीय विशेषताहरूले परिपूर्ण जीवन धारा अपनाउने भए तापनि बुद्ध धर्म केही यस्ता मूल्यहरूमा अडेको छ जसको मान्यता विश्वव्यापक छ । भगवान् बुद्धले आफूले दिएको उपदेशलाई केवल आफ्नै वर्गको लागि मात्र नभनिकन मानव मात्रको लागि भनी दिनु भयो । वास्तवमा बुद्ध धर्म पहिला भारतकै लाखौं जनता बीच र पछि भारतीय सीमा पारी समेत फैलिएर आफ्नो इतिहासको शुरुमै पहिलो प्रचारवादी धर्म बन्यो ।"

**सर्वोत्तम प्राणी–**

बुद्ध धर्मका अनुसार यो विश्वमा पाइने समस्त प्राणीहरूमा मानव सर्वोत्तम प्राणी हो । बुद्ध धर्मले मानवलाई यसरी सर्वोत्तम प्राणी मान्नुको कारण उसमा रहेको विवेकले गर्दा हो । मानवले आफ्नो विवेकलाई प्रयोग गरेर आफूलाई मात्र होइन अरुलाई पनि माथि उकाल्न सक्दछ र यसरी यस धर्तीलाई अति सुन्दर वस्तीमा परिणत गर्न सक्दछ । आफूलाई माथि उकाल्ने क्रममा मानवले आफूले मानेका देवी देवताहरू भन्दा माथि उठेर सम्बोधी पनि लाभ गर्न सक्दछ । यसरी सम्बोधीको लाभ गरेका मानवले आफ्नै मात्र होइन सम्पूर्ण जीव र जगत्‌को उद्धार गर्दछ । मानव जीवनमा रहेको यस प्रकारको विशेषताहरूलाई स्वीकार गरेरै कुनै बेला भगवान् बुद्धले **"किच्छं मनुस्सपटिलाभो"**[१] अर्थात्– "मनुष्य योनीमा जन्म लिनु दुर्लभ छ" भनी धर्म देशना गर्नु भएको हो ।

**बुद्ध धर्मको सार–**

बुद्ध धर्म मानव मात्रलाई विनाशको खाडलबाट उठाएर विकासको गोरेटो तर्फ डोऱ्याउने उत्तम मार्ग हो । विनाशको खाडलबाट विकासको गोरेटो तर्फ मानव त्यसबेला डोरिन सक्दछ जब उ अकुशल (पाप वा हिंसा) कर्महरू त्यागेर कुशल (पुण्य) कर्महरू संचय गर्ने तर्फ अग्रसर हुन्छ, अनि चित्तलाई शुद्ध पारेर निर्वाणको ढोका ढक्ढकाउन पुग्दछ । यसरी अकुशल कर्महरू त्यागेर कुशल कर्महरू संचय गर्नु अनि चित्तलाई शुद्ध पारेर निर्वाणको ढोका ढक्ढकाउने व्यक्तित्वलाई बुद्ध धर्ममा आर्यको संज्ञा दिइन्छ । यसरी आर्य भइसकेको व्यक्तित्वहरूबाट यो धरतीलाई सुन्दर तरिकाले बिकास गर्ने बाहेक बिनाशको खाडलमा जाक्ने काम कहिलै हुन सक्दैन । भगवान् बुद्धबाट धर्मको सारको रुपमा आज्ञा भएका कुराहरू यस

प्रकार छन्:–

**"सब्ब पापस्स अकरणं-कुसलस्स उपसम्पदा ।**

**सचित्तपरियोदपनं-एतं बुद्धान'सासनं ॥"[२]**

अर्थात्–

"सब प्रकारका पापहरू नगर्नु, पुण्य कर्महरू सञ्चय गर्नु

आफ्नो चित्तलाई शुद्ध पार्नु, यीनै बुद्धहरूका उपदेश हुन् ।"

**दश अकुशल कर्महरू–**

बुद्ध धर्मलाई पालन गर्ने सिलसिलामा मानवले सबभन्दा पहिला गर्नु पर्ने काम अकुशल कर्महरू त्याग गर्ने हो भन्ने कुरा माथि नै उल्लेख भइसक्यो । अब हामीले जान्नु पर्ने कुरा बुद्ध धर्मले उल्लेख गरेका अकुशल कर्महरू के के हुन् र यीनलाई के र कसरी त्याग गर्न सकिन्छ भन्ने हो । बुद्ध धर्मले अकुशल कर्महरूका फेहरिस्त (List) मा दशवटा हिंसा वा पाप कर्महरूलाई समावेश गरेको छ र यी अकुशल कर्महरूलाई शरीर, वचन र मन गरी तीनवटा माध्यमहरूद्वारा सम्पादन गरिन्छन्, जस्तै:–

***शरीरद्वारा सम्पादन हुने अकुशल कर्महरू***

(१) पाणातिपात वा प्राणी हिंसा, (२) अदिन्नादान वा चोरी, (३) कामेसुमिच्छाचार वा पर स्त्री प्रति बलात्कार र भ्रष्टाचार ।

***वचनद्वारा सम्पादन हुने अकुशल कर्महरू***

(४) मुसावाद वा झूठो वचन, (५) पिसुनवाचा वा चुग्ली, (६) फरुषवाचा वा रुखो बोली, (७) सम्प्फलाप वा बकम्फूसे गफ ।

***मनद्वारा सम्पादन हुने अकुशल कर्महरू***

(८) अभिज्झा वा लोभ, (९) व्यापाद वा द्वेष, र (१०) मिच्छा दिट्ठि वा मोह

**अकुशल कर्महरू परित्याग गर्ने तरिका–**

बुद्ध धर्मले अकुशल कर्महरू परित्याग गर्ने सिलसिलामा सर्व साधारण जनताले पनि पालन गर्न मिल्ने गरी पांचवटा शीलहरू अर्थात् पञ्च शील प्रदान गरेको छ र यी शीलहरू यस प्रकार छन्:–

**"पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।**

**अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।**

**कामेसुमिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।**

**मुसावादा वेरमणी सिक्खापदं समादियामि ।**

**सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।"**

अर्थात्–

"म प्राणीहिंसा नगर्ने शिक्षापदलाई पालन गर्दछु ।

म नदिएको बस्तु नलिने (चोरी नगर्ने) शिक्षापदलाई पालन गर्दछु ।

म कामरुपी मिथ्याचार नगर्ने शिक्षापदलाई पालन गर्दछु ।

म झूठो नबोल्ने शिक्षापदलाई पालन गर्दछु ।

म मदिरापान जस्ता लागु पदार्थ सेवन नगर्ने शिक्षापदलाई पालन गर्दछु ।"

**सबै पापहरूका मूल–**

माथि उल्लेखित शीलहरू मध्ये पहिलो तीनवटा शीलहरूको पालनाले शरीरद्वारा सम्पादन हुने कर्महरू- प्राणी हिंसा, चोरी र बलात्कार र भ्रष्टाचार सम्बन्धलाई हटाउने काम गर्दछ भने चौथो शीलको पालनाले वचनद्वारा सम्पादन हुने अकुशल कर्महरू- झूठो वचन, चुग्ली, रुखो बोली र बकम्फूसे गफलाई हटाउने काम गर्दछ । बुद्ध धर्मले माथि उल्लेख गरिए बमोजिम शरीर, वचन र मनद्वारा सम्पादन हुने भनी दश वटा अकुशल कर्महरूको वर्णन गरे तापनि यसले मन वा चित्तलाई नै सब अकुशल कर्महरूको मूल मानेको पाइन्छ । यसको मूल कारण हो, मन वा चित्त अगुवा नभई या भनौं यसमा लोभ, द्वेष वा मोहले ग्रस्त नगरेसम्म मानवले शरीर वा वचनद्वारा कुनै पनि अकुशल कर्मलाई सम्पादन गर्न सक्दैन । यस सन्दर्भमा भगवान् बुद्धको वचन यस प्रकार उल्लेख गर्न सकिन्छ:

**"मनो पुब्बङ्गमा धम्मा-मनोसेट्ठामनोमया ।**

**मनसा चे पदुट्ठेन-भासति वा करोति वा ।**

**ततो नं दुक्खमन्वेति-चक्कं'व वहतो पदं ॥**

**मनो पुब्बङ्गमा धम्मा- मनोसेट्ठा मनोमया ।**

**मनसा चे पसन्नेन-भासति वा करोति वा**

**ततो नं सुखमन्वेति-छाया'व अनपायिनी ॥"[३]**

अर्थात्–

"मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, मन नै मुख्य भएर जतासुकै पुगेको हुन्छ । यदि कसैले अशुद्ध मन लिएर केही बोल्यो वा गऱ्यो भने गाडा गोरुको पछाडि लागेर आए जस्तै दु:ख पनि पछाडि लागेर आउँछ ।

मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु,



Downloaded from http://www.dhamma.digital

मन नै मुख्य भएर जताततै पुगेको हुन्छ । यदि कसैले शुद्ध मन लिएर केही बोल्यो वा गऱ्यो भने छायांले आफ्नो पिछा न छोडे जस्तै सुख पनि पछाडि लागेर आउँदछ ।"

**मनलाई जागरुक राख्ने उपाय–**

माथि उल्लेखित पांचवटा शीलहरूलाई अध्ययन गर्दा पाचौं शीलले मदिरापान जस्ता लागु पदार्थको सेवनलाई रोक्न खोजेको देखा पर्दछ । मदिरापान जस्ता लागु पदार्थको सेवनले एक हिसाबले दश अकुशल कर्महरू संग पटक्कै सम्बन्ध राखेको पाईंदैन । यसरी दश अकुशल कर्महरू संग पटक्कै सम्बन्ध नराखे तापनि यसले मन वा चित्तलाई नै सब अकुशल कर्महरूको मूल मानेको पाइन्छ । यसको मूल कारण हो, मन वा चित्त अगुवा नभई या भनौं यसमा लोभ, द्वेष वा मोहले ग्रस्त नगरेसम्म मानवले शरीर वा वचनद्वारा कुनै पनि अकुशल कर्मलाई सम्पादन गर्न सक्दैन । यस सन्दर्भमा विचारणीय कुरा के छ भने मदिरा पान जस्ता लागु पदार्थको सेवनले मन वा चित्तलाई प्रमाद वा विस्मृतिको बशमा राख्ने काम गर्दछ । प्रमाद वा विस्मृतिको बशमा परेको मन जागरुक र सचेत रहन सक्दैन । यसरी जागरुक र सचेत नरहेको मनले कुन कर्म अकुशल हो र कुन कुशल हो भन्ने कुरा छुट्याउन सक्दैन, जसको कारण मानिसले मनद्वारा सम्पादन हुने अकुशल कर्महरू -लोभ, द्वेष र मोह- कार्यहरू सम्पादन गर्न पुग्दछ । यसैले पांचौ शील मन वा चित्तलाई सदा सर्वदा जागरुक र सचेत राख्नको लागि अर्थात् मनद्वारा सम्पादन हुने अकुशल कर्महरू हटाउनको लागि अवलम्बन गरिएको शील हो भनेमा केही फरक पर्ने देखिंदैन । भगवान् बुद्धबाट मनलाई सदा जागरुक र सचेत राख्नु पर्ने कुरालाई लिएर यस्तो आज्ञा भएको छ:

**"अप्पमादो अपमतपदं-पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता न मीयन्ति-ये पमत्ता यथा मता ॥"**[४]

अर्थात्–
"अप्रमाद अमृतको पद हो र प्रमाद मृत्युको पद हो ।
अप्रमादीहरू मर्दैनन् जबकि प्रमादीहरू मरे सरह हो ।"

**धर्मदानमा परियत्ति शिक्षाको स्थान–**

बुद्ध धर्मले **"सब्बदानं धम्मदानं जिनाति"**[५] अर्थात्– "सबै दानलाई धर्मदानले जित्दछ" भन्ने शब्दहरू प्रयोग गर्दै धर्मदानलाई सर्वोत्तम दान मानेको छ । बुद्ध धर्मले धर्मदानलाई यसरी सर्वोत्तम दान मान्नुको कारण हो धर्मदान प्राप्त गरेको मानिसले आफ्नो मात्र होइन सम्पूर्ण जीवन र जगतको उद्धार गर्ने काम गर्दछ । तर यो दान अरु दान जस्तो त्यसै लिन र दिन सकिने दान भने होइन । यसको लागि कुशल गुरुको साथै योग्य चेलाहरूको उत्तिकै आवश्यकता पर्दछ । गुरु चेलाको परम्पराबाट चल्ने यो दानको कम सैद्धान्तिक शिक्षाको आधार (the oritical base of education) अर्थात् परियत्ति शिक्षाबाट शुरु हुन्छ । शैद्धान्तिक शिक्षाको आधारबाट शुरु हुने यो दान त्यसै बेला उपयोगी हुन्छ जब यसमा प्रायोगिक आधार (practical base) अर्थात् प्रतिपत्ति पनि थपिन्छ । जब यसमा प्रायोगिक आधार अर्थात् प्रतिपत्ति पनि थपिन्छ त्यसबेला यसले फल दिने (result) अर्थात् प्रतिवेधको काम गर्दछ । यसरी परियत्तिबाट शुरु भई प्रतिवेधमा अन्त हुने बौद्ध शिक्षाको यो क्रमलाई राम्ररी चालु राख्न सकिएमा यसले दान लिने र दिनेलाई मात्र नभई सम्पूर्ण जीवन र जगत्‌लाई नै फाइदा पुऱ्याउने देखिन्छ ।

**नेपालमा परियत्ति शिक्षाको प्रचार–**

भगवान् बुद्धको जन्मथलो नेपालमा बौद्ध परियत्ति शिक्षाको प्रचार जे जति मात्रामा हुनु पर्ने हो त्यति मात्रामा हुन सकेको देखिंदैन । हुन त बौद्ध परियत्ति शिक्षाको व्यापक प्रचारको लागि पचासौं बर्ष अगाडि देखि नै प्रयासहरू नभएका पनि होइनन् । यसको लागि यथेष्ट मात्रामा स्वदेश तथा विदेशबाट सहयोग प्राप्त नभएका पनि होइनन् । यसरी स्वदेश तथा विदेशबाट यथेष्ट मात्रामा सहयोग प्राप्त भए तापनि त्यस बेलाको राजनीतिक र अन्य माहोलले गर्दा यसको प्रचार अति सीमित रहन पुग्यो । यस सिलसिलामा बुद्ध धर्मको व्यापक प्रचारको लागि पचास बर्ष अगाडि खडा भएको आनन्दकुटी विद्यापीठ पनि आफ्नो उद्देश्यमा विचलित भएको देखियो । यस प्रकार बौद्ध परियत्ति शिक्षाको प्रचारमा एक प्रकारले ठूला अवरोधहरू तेर्सियो । यी अवरोधहरूका बावजुद विगत केही बर्ष अघि देखि नेपालमा बौद्ध परियत्ति शिक्षाको प्रचारमा, ढिलै अथवा केही मात्रामा भए तापनि, सक्रियता देखा पर्नु ज्यादै खुशीको कुरा हो । परियत्ति शिक्षाको प्रचारमा सहयोग पुऱ्याई धर्मदान गर्ने दाताहरू तथा यस कार्यमा आफ्नो अमूल्य समय विताउने शिक्षक र शिक्षिकाहरू अति

श्रद्धाका पात्र हुन् र बौद्ध परियत्ति शिक्षा हासिल गरी आफ्नो जीवन सार्थक बनाउन खोज्ने शिक्षार्थीहरू पनि धन्यभागी छन् । अब बाकी काम हो यसरी धन्यभागी भएका शिक्षार्थीहरूले आफूले प्राप्त गरेको परियत्ति शिक्षालाई के र कसरी प्रतिपत्तिमा परिणत गरी राम्रो प्रतिवेध उपलब्ध गर्ने भन्ने कुरा । यस कुरालाई ध्यान दिन नसकेमा शिक्षार्थीहरूले प्राप्त गरेको परियत्ति शिक्षा पनि अपवादको विषय बन्न जाने कुरा स्वत:सिद्ध छ । यस सन्दर्भमा भगवान बुद्धबाट ओवाद भएको उपदेश यस प्रकार छ:–

**"बहुम्पि चे सहितं भासमानो न तक्करो होति नरो पमत्तो ।**
**गोपो व गावो गणयं परेसं नभागवा सामञ्जस्स होति ॥"**[१]

अर्थात्–

"अर्काको गाई चराउने गोठालोले दूध भेटाउन नसके जस्तै धेरै धर्मको कुरा गर्न जानेर पनि प्रमादी भएर कुरा अनुसार आचरण नगर्नेलाई श्रमणत्वको फल लाभ हुँदैन ।"

**हाम्रो दायित्व–**

बौद्ध परियत्ति शिक्षाको उपादेयता, उद्देश्य तथा नेपालमा यसको अवस्थिति बारे जतिसुकै चर्चा गरे तापनि टुंगो लाग्ने कुरा होइन । आजको यस पवित्र दिनमा परियत्ति शिक्षा प्राप्त गर्न सफल शिक्षार्थीहरू सबै बधाईका पात्र हुन् । यस पवित्र दिनमा परियत्ति शिक्षाको प्रचारमा समर्पित व्यक्तित्वहरूले आफ्नो कार्यक्रमलाई व्यापकता प्रदान गर्न के र कसरी सरकारी शिक्षा संग जोड र नयां पिंढिलाई हस्तान्तरण गर्दै जाने भन्ने कुरामा विचार पुऱ्याउन अति आवश्यक छ । साथै यस कामको लागि आनन्दकुटी विद्यापीठलाई आफ्नो पुरानो उद्देश्यमा फर्कनको लागि घच्घच्याउने बेला आएको छ । अस्तु ।

भवतु सब्ब मङ्गलं ।

*सन्दर्भ ग्रन्थहरू*


★ Edward J. Jurji,
The Great Religions of the Modern World,
London: Geoffrey Cumborlege,
Oxford University Press, 1953), p. 112

१. धम्मपद, श्लोक १८२
२. ऐ, ऐ, श्लोक १८३
३. ऐ, ऐ, श्लोक १ र २
४. ऐ, ऐ, श्लोक २१
५. ऐ, ऐ, श्लोक ३५४
६. ऐ, ऐ, श्लोक १९


# पौष संल्हूया घटना

✍ आनन्दमानसिं तुलाधर

निदोल ख्वीदँ विक्रम सम्बते
तिथि मिति चूला:गु संल्हू अस्तमि
दिन चर्या ख: जिगु सुथसिया प्रहरे
स्वच्छवातावरणे चा:हिलेगु
करिब घौछि चा:हिले धुंका
क्षत्रपाटिं स्वाँपू ध्येनेव
झस्स लुमन बिहारे वनेगु
श्रीघ: छचा चा:हुला जि
द्वाहाँवना "धर्मकीर्ति विहारे"
धिसिलाक्क फ्येतुना थ:गु आसने
कना च्वन बाखँनं गुरुमां कुसुमं
बाखँया बिषय् ख: व सुन्दर गौतम
शान्त, दान्त व अति सुन्दरम्ह
न्ह्याक्को सोसां स्वयूमगा:म्ह
ध्यान बिया न्येना च्वन उपासक सकलें
न्येना च्वना जिनं उगु बुद्ध वचन
वा: हे मचायूक क्वचाल बाखंनं
पुन्यानुमोदन सुरुजुल अन्ते
शब्द ध्वया च्वन अन्तीम चरण
सब्बे भूता अनुमोदन्तु
पू हे मवंनि वाक्य थुगु नं
ज:ख: च्वंपिं हालाहल पासापिं
लप्पु ज्वना भलसा ब्युब्युं
मदिक्क न्येना च्वन आन्दाई छु जुल ?
बस् अनंलिपा छुजुल जिंमस्यू ।
भवतु सब्ब मंगलम् ।

## भूल सुधार

"धर्मकीर्ति" पत्रिका वर्ष २१; अङ्क १० को पेज १२ मा उल्लेखित "धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू" शीर्षकमा क्र.सं. ४१४ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाइएको छ ।

*- प्रमुख व्यवस्थापक "धर्मकीर्ति" पत्रिका*

"धर्मकीर्ति" पत्रिका वर्ष २१; अङ्क १० को पेज २१ मा "बाल आश्रमलाई सहयोग" शीर्षकमा धर्मचन्द्र शाक्य, बनेपा हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्याई पढ्न हुन अनुरोध छ ।

*- सम्पादक "धर्मकीर्ति" पत्रिका*



Downloaded from http://www.dhamma.digital

# प्रतिपदा–३

भूषण शर्मा हुमागाई

घोडे, महाभारत औ मनास्लु ।
गौरी, चुरेपर्वत, लम्बकर्ण,
आदर्श हाम्रो नयपाल देश ।
कर्तव्य हाम्रो यिनकै अशेष ॥
-८४-

कञ्चन र धौलागिरि, लामटाङ,
गौरी, मकालू अनि कुम्भकर्ण,
गोसाइँ, माछापुच्छ्रे, गणेश,
स्वर्गीय शोभा अफ अन्नपूर्ण ॥
-८५-

उठ्दो सदा उत्तरमा हिमाल,
कष्टादि आए पनि उच्च मोल ।
राखेर बढ्ने नित दिन्छ आँट,
सौभाग्य हाम्रो घर यो विशाल ॥
-८६-

बोकेर नाम्जा रमणीय छाङ्ला,
थाप्ले सजाईकन खेल्छ साल्पु;
सन्ध्या उषामा सुन घाम पर्दा,
घप्केर बल्छन् नग फुर्बि ध्याकु ॥
-८७-

आवागमन्को पथ चारतर्फ,
भञ्ज्याङ् अनेको, नग पाल्चुहङ्गा ।
लीलामहल् यो शिवको पवित्र,
सत्यम् शिवम् सुन्दर वाणगङ्गा ॥
-८८-

तीर्थादि धेरै सदमुक्ति क्षेत्र,
श्रीकृष्णको धाम, बराह आदि ।
शैलेश्वरी औं पशुपात्य क्षेत्र,
श्रीचन्दनाथ पुण्य हरीहरादि ॥
-८९-

इन्द्रायणी औ बगलामुखी श्री,
चण्डी र गौरी कमला भवानी ।
माताहरूको दृग-दर्श पाई,
छम्केर माया उठ्दो बिहानी ॥
-९०-

विस्तीर्ण डाँडा शिरमाथि बोकी,
पाखा पखेरा उरभित्र खोपी ।
बन्दी कृपाकी अनमोल खानी,
पाथीभरा यी करुणा मुहानी ॥
-९१-

देवी बराही, मनकामना यी,
वाल्मीकिधामै र गजेन्द्रमोक्ष ।
तीर्थादि श्रृङ्गी अनि बौद्धनाथ,
बालाजु, गुप्तेश्वर, नीलकण्ठ ॥
-९२-

श्री राम पाई तब जानकीले,
माला लगाई वर प्राप्त गर्दै;
माटो यही हो वरणी गरेको ।
पाण्डौहरूले श्रम सिर्जिएको ॥
-९३-

सर्वत्र नाना सुरदेव वास,
बस्ने रमाई नरलोक पूज्य ।
पाएर यी नै नयपाल धन्य,
नेपाल तिम्रो महिमा अगम्य ॥
-९४-

आटव्य भारी वन सम्पदा यी,
अग्ला धनारम्य अनन्त भाडी ।
पुष्पादि फुल्दो रमणीय घाटी,
प्राणी अनौठा छन भाँति भाँति ॥
-९५-

आरक्ष ठूला पशु नृत्य गर्ने,
खाई रमाई जल पान गर्ने ।
आत्मा सजाई वनको नवीन
खेल्दै खुशीले जग प्राण भर्ने ॥
-९६-

आटव्य ठूला वन ठाउँ ठाउँ,
देवादी रम्ने अनमोल नाउँ ।
निर्माण बन्दो रमणीय कुञ्ज,
छोडेर ठूला कृषिपूर्ण गाउँ ॥
-९७-

अर्ना र चौरी, हय, बाघ, भालु,
हात्ती र गैंडा, मृग, कस्तुरी यी ।
सर्पादि, गोही, विविधा प्रजाति ।
डाँफे, लहाँचे, खग भिन्न जाति ॥
-९८-

टाँकी र च्यूरी, सखुवा र सल्ला,
आरू, सिमाली, वर, देवदार ।
काफ्रो, चिलौने, अनि राजवृक्ष,
रिट्ठो, सिसौ, पीपल, बज्रदन्त ॥
-९९-

बिरी, चिरैतो अनि तेजपात,
भौवा, धयेंरो, कुरियो र मुण्डी ।
मोथे, जयन्ती, मधु, भृङ्गराज,
कुट्की, हलेदो, मजिटो र ब्राह्मी ॥
-१००-

अम्फी, गिनेरी, तनदीर्घ शाल,
चूवा, ठटेलो, रसयुक्त ताड ।
खाक्सी, अलैंची, सुकुमेल, साज,
तापे्र, भलायो, असुरो, पलास ॥
-१०१-

कैयन् वनौषध् वनमा उमारी,
लाखन् महौषध् उरमा थुपारी;
नेपाल आमा ममतामयी यी,
स्याहार्न आफ्ना शिशु छिन् तयारी ॥
-१०२-

भारी पसीना श्रमले बहाई,
मोती र मुक्ता श्रमले जुटाई;
ऐश्वर्यशाली धरती रचेर,
नेपाल माता अनुपम् प्रभा ली ॥
-१०३-

हेरी सुसारी करले पवित्र,
माया खन्याई मुटुको विचित्र;
पोखी दया शीतलता बसेकी,
सार्थक् गरेकी निज नाम प्यारो ॥
-१०४-

यस्ती अनूपा करुणामयीको,
शोभा सुनौलो नगकाखभित्र ।
टन्नै छ अन्नादि विशाल फाँट,
जीवन्त जम्मै करुणा विचित्र ॥
-१०५-
यस्ती अनूपा ममतामयीको,
शोभा सुनौलो हिमकाखभित्र;
स्वतन्त्र थ्यो राज्य कपीलवस्तु,
पच्चीस सौ वर्ष अगाडि अस्तु, ॥
-१०६-
मैदान केही र पहाड खण्ड,
संयुक्त भै सिर्जित सानु राज्य;
सिँच्छन् धरा यै सुरही, चिरोही,
तृष्णा मिटाई नद वाणगङ्गा ॥
-१०७-
पूर्वी सिमानातिर कोल देश,
ठूला र साना अरु भील देश;
नेपाल भारत्सित साँध लाग्दा,
ठूला र साना अरु वन्य देश ॥
-१०८-
उत्तुङ्ग शैली हिम भावभङ्ग,
उत्ताल भङ्गी नद वाणगङ्गा ।
उर्ली जलाधार उफान बोक्दो,
पग्लेर आद्यान्त हिमाल बग्दो ॥
-१०९-
सौन्दर्य खस्तो ऋतु वेरिनाले,
गम्भीर बन्दो रवि धम्किनाले;
माधुर्य टिप्दो रज ब्यूँझिनाले,
स्वर्गै छ बन्दो नभ लालिमाले ॥
-११०-
राजा महारसम्मतका कुनै थे
ओकक्क नामी अति दीर्घ ख्याता
रानी विमाता अति दुष्ट बानी
नाना थरीका गढ्दै कहानी ॥
-१११-
दुर्छे अटेरी मनकी अमिल्दी,
दुष्टा अनौठी अति लुब्ध बानी ।
दोषादि आफ्ना अरुमाथि थोपी,
पारेर दोषी नृपमा बखानी ॥
-११२-
जोरेर आगो दरवारभित्र,
टण्टा उठाइन् कुलपुत्रभित्र ।
ओकक्क लागे दयिता कुरामा,
दन्केर जाग्यो झगडा विचित्र ॥
-११३-

छोरा निकालिन् दरवारबाट
निस्की हिँडे ती घुमि घाट घाट
घुम्दै हिँडेका दुख कष्ट खेपी
आई पुगे ती नगकाख क्षेत्र ॥
-११४-
घुम्थे अनेकौं दिन कष्ट खेपी,
पीडा र निद्रा अनि भोक बोकी ।
चिन्ता लिएका कृशकाय केटा,
हिँड्थे सदा ती दृग आश बोकी ॥
-११५-
सुत्थे कतै ती घरि घाँसमाथि,
'भावी सुनौलो दिन हुन्छ' मानी ।
पानी पिएरै कति रात बित्थे,
उठ्थे र चल्थे नित आश साँची ॥
-११६-
भेटे तिनैले ऋषि ती कपील,
पोखे गथासो ऋषिमा दुवैले ।
रोए कराए सुविचार मागे,
बाले तपस्वी र सुने दुवैले ॥
-११७-
"यो एक टुक्रा धरणी विचित्र,
पोखी पसीना गर यो पवित्र ।
गोडेर पानी मल हालिदेऊ,
बन्नेछ धात्री सुख स्वर्गधाम ॥"
-११८-
अर्ती दुवैले ऋषिको लिएर,
भारी श्रमैले पसिना पगाले ।
रोपेर गोडी जलधार हाली,
सौन्दर्य खुल्दो शहरै बसाले ॥
-११९-
खोजी जुराएर 'कपीलवस्तु'
सम्मान गर्दै ऋषि नामलाई
पारे उज्यालो सुविशाल नाम,
पारे सुनौलो नव प्रेम धाम ॥
-१२०-
हर्षे खुशीले नृप सुन्न पाई
छोराहरूको शुभ कर्म ख्याति
'भो शक्य वत् राजकुमार' भन्दै
आश्चर्य मानी दिल व्यक्त गर्थे ॥
-१२१-
यो शाक्यवंशी यसरी उदाई
छायो सबैमा सुख स्वर्ग आई
वंशी यसैका कहिने सुशाक्य
चन्दैछ ऐलेतक यो रमाई ॥
-१२२-

स्वर्गीय शोभी वनकुञ्ज माझ,
ऐश्वर्यशाली दरवार खासा ।
सौभाग्यशाली शिरमाथि ताज,
सम्पन्नताले परिपूर्ण सारा ॥
-१२३-
यस्तो अपूर्वी वन पर्ण शोभी,
राज्यै थियो यो नृप शाक्यवंशी,
प्रख्यात शुद्धोधन श्रेष्ठ राजा,
गर्थे विचारीकन न्याय साझा ॥
-१२४-
विद्वान् जगत्मा निज नाम प्यारो,
सत्कर्म खासा जन प्राण प्यारो,
प्राजा र माया दुई प्रेम रानी,
माया र छायाँ सब स्नेह खानी ॥
-१२५-
रानी दुवैमा अति प्रेम हुन्थ्यो,
उठ्दा र बस्दा मन एक हुन्थ्यो,
हाँसी खुशी ती समभाव गाढा,
खोज्दै नपर्ने सुखधाम टाढा ॥
-१२६-
राजा दुवैका दिलका उज्याला,
आशा सबैका मनका खुलासा ।
राजा र रानी जन प्रेमधारा,
तीनैजना दुर्बलका सहारा ॥
-१२७-
शोभा अनौठो दरवार क्षेत्र,
धाई सुसारे भरिपूर्ण टम्म ।
बस्दा हुनन् ती सुविलास भित्र,
आकण्ठ डुबी मदका अनन्त ॥
-१२८-
मन्त्री र सारा अरूको सुपुर्द,
जिम्मा लगाई सब राजकाज,
कुञ्जादि घुम्थे लिई रूप खानी,
चुर्लुम्म डुब्दै भरिलो जवानी ॥
-१२९-

क्रमशः......

**— अनुरोध —**

'धर्मकीर्ति' पत्रिकालाई लेख, कविता पठाउँदा स्पष्ट अक्षरमा र एकतर्फी मात्र लेखेर पठाउनु होला ।

— सम्पादक



Downloaded from http://www.dhamma.digital

# तामाङको घ्याओमा जाँड-रक्सीको सट्टा चिया

✍ प्रताप विष्ट

हेटौंडा, ३ कात्तिक- धार्मिक एवं मृत्यु संस्कार (घ्याओ) मा जाँड-रक्सीको साटो चिया खुवाउने नयाँ परम्परा तामाङ जातिले सुरु गरेका छन्। दामन गाविस-१ र २ का तामाङ जातिले दुई वर्षदेखि शुभकार्यमा होस् वा घ्याओमा जाँड-रक्सीको प्रयोगमा रोक लगाएका छन्।

जाँड-रक्सीको प्रयोग गर्दा विकृति र विसंगति फैलिने र खर्चिलो हुने भएकोले चियाको व्यवस्था गर्ने गरेको शुभागमन तामाङ जागरण समाज घर्तीखोलाका अध्यक्षकुमार नेगीले बताए। ती दुई बोर्डको तामाङले सञ्चालन गर्ने शुभकार्य तथा काजकिरियामा सहभागी हुने लामा र आफन्तका साथै निम्तालुलाई पनि चिया खुवाउने गरेका छन्।

समाजका तामाङ युवाले २०५८ सालदेखि घ्याओ तथा काजकिरियामा नयाँ सुरुवात गरेका छन्।

'सुरु सुरुमा बूढापाकालाई सम्झाउन निकै गाह्रो पऱ्यो' समाजका अध्यक्ष नेगीले भने- आखिरमा राम्रो कामको सुरुवात गर्न लागेका थियौं, सबैले साथ दिए। अहिले जाँड-रक्सीबिनाको घ्याओ शान्त रुपमा सम्पन्न हुने गरेको छ। यो काम अन्य क्षेत्रका तामाङका लागि प्रेरणाका स्रोत बनेका छन्। उनीहरू आफैं पनि अन्य गाउँबस्तीका तामाङहरूलाई काजकिरियालगायत अन्य कार्यहरूमा जाँड-रक्सीको प्रयोग गर्नुहुँदैन भनेर सम्झाउन थालेका छन्।

धार्मिक काममा सगुनका रुपमा उनीहरूले पानी प्रयोग गर्न थालेका छन्।

आग्रा र दामन गाविसको सिमानामा बसोबास रहेका उक्त बस्तीका बासिन्दा विगतमा घ्याओ र शुभकार्य गर्दा वर्ष दिनलाई खान पुग्ने खाद्यान्नको मादक पदार्थ बनाएर भोज गर्दथे। "जाँड-रक्सीको प्रयोगमा प्रतिबन्ध लगाएपछि घ्याओ गर्न लामाहरू पनि आउन अनकनाएका थिए। उनीहरूलाई सम्झाउन पनि निकै मेहनत गर्नुपऱ्यो' समाजका अध्यक्ष नेगीले भने।

घ्याओ गर्नका लागि मृतकका आफन्तले लामाहरू बोलाउन जाँदा बोतलमा रक्सी लिएर जानुपर्ने तामाङ जातिको रीति छ। तर यी तामाङले समाजको पत्र लिएर जाने गरेका छन्। घ्याओमा जाँड-रक्सीको प्रयोग नगरेपछि खर्च पनि कम लाग्ने रहेछ। आमाको घ्याओ हालैमात्र हरिबहादुर मुक्तान भन्छन्।

उक्त क्षेत्रका तामाङको काजकिरियाका लागि तामाङ समुदायले नै निश्चित दरमा आर्थिक एवं भौतिक सहयोग गर्ने प्रचलन चलाएको छ। यो चलनले आर्थिक स्थिति कमजोर हुनेलाई पनि सजिलैसँग घ्याओ गर्न बल पुग्ने गरेको स्थानीय शिक्षक सुब्बा लामाले बताए। करिब ८० घरधुरी तामाङको बसोबास रहेको उक्त गाउँमा दुई दर्जनभन्दा बढी तामाङले एसएलसी उत्तीर्ण गरेका छन् भने अधिकांश परिवारको आर्थिक अवस्था कमजोर छैन। ■

## ज्ञान मालाच्वना

✍ **चन्द्रमाया प्रधान**, नालामी।

ध्व हिमाल ध्व धरातल थन
जिके मिखा दुसां जिं छुं हे मखन
ध्व संसार गथे च्वं जिगु बुद्धिं छुंमसिल
ज्ञान बुद्धि मदुगुलिं तसकं दुःख जुल
दुषितगु बुद्धिं याना: जि ग्यानाच्वना
उकें बुद्धं बियाबिज्या:गु ज्ञानयात मालाच्वना।

## लुम्बिनी वने जन्म जूम्ह

✍ **रामभक्त हाँयुज**, नगदेश बुद्ध विहार

लुम्बिनी वने जन्म जूम्ह: शान्ति नायक गौतम।
जुजुया काय्‌मचा लुम्बिनी बूम्ह: मायादेविं जन्म ब्युम्ह:॥

जुजुया काय्‌नं लाय्‌कु त्वःता राजकुलं पिहांभाम्ह:।
राजबस्त्र त्याग याना आङ्सा नापं ध्यना बिज्याम्ह:॥

बुद्धगयाय् ध्याने च्वना मार नापं युद्ध याम्ह:।
क्षान्ती च्वना बुद्धत्व लाना शान्ति क्यना मार बुकिम्ह:॥

सारनाथया मृगदावने भिक्षु संघया जग स्वंम्ह:।
वसपोल ऋषिपत्तने शुद्धगु धर्मया गुरु जूम्ह:॥

विश्व शान्ति ज्वीगु ज्ञान मानवयात बिया बिज्याम्ह:।
पञ्चशीलया शिक्षा बिया कुशीनगरे निर्वाण जूम्ह:॥

# नेपाःया वर्तमान अशान्ति व् बौद्ध समाधानया बारे

- कृष्णकुमार प्रजापति, नगदेश बुद्ध विहार

श्रद्धेय भिक्षु अग्ग महासद्धम जोतिक धज, अश्वघोष महास्थविर प्रव्रजित जुया बिज्यागु ख्वीदँ (६०) पूवंगु लसताय् युवा बौद्ध समूह, यैं, पाखें "भिक्षु अश्वघोष महास्थविर ६० दँ प्रव्रजित समारोह समिति स्वना दच्छि यंकं थि थि ज्याझ्वः दय्का गुणानुस्मरण यायगु दकले न्हापांया न्वचु ज्याझ्वः "नेपाःया वर्तमान अशान्ति व बौद्ध समाधान" विषय तया वंगु ने.सं. ११२४ थिंलाध्व-१३; वि.सं. २०६० मंसिर २०; शनिवाः खुन्हु लखुतिर्थस्थित "माष्टर जगत सुन्दर मल्ल ब्वनेकुथि" ई वसपोल श्रद्धेय भिक्षुया समुपस्थिती धर्मोदय सभाया निवर्तमान नायो भाजु, वर्तमान सल्लाहकार भाजु लोक दर्शन बज्राचार्यजुया मू पाहाँसुई जूगु जुल । दकले न्हापां वसपोल भन्ते अश्वघोष महास्थविरया आयु आरोग्य व सुस्वास्थ्यया कामना यासे वन्दना याना । जि थम्हेसिनं वक्ताया रुपय् ब्वति कायमखंसां श्रोता व दर्शक जुया ब्वति कयागु जुल । अतिकं लसताया खँ खः वसपोल श्रद्धेय भन्तेयात म्वाना च्वंबले हे थत्थे सम्मान ज्वीकथं हना बना यागु । वसपोल भन्तेजुनं ओवाद याना बिज्याबले थत्थे नं धया बिज्यात "जि सीबले जात्रा यायेमते" जित अत्थे जात्रायाना सिथं यनिगु मयोः" । मान सम्मान आदर गौरव धैगु म्वाना च्वंबले हे यायेमा, यागु योः । युवा बौद्ध समूह नं थत्थे न्हुगु सँस्कार सँस्कृति न्ह्याकूगु अतिकं हे बाँला जू धका ओवाद याना बिउगु नं लुमन्तिया विषय जुया बिल । नेपाः या साहित्यीक दबुलि अतिकं नांजाःम्ह साहित्यकार कवि भाजुं धया दिगु खँ अतिकं सान्दर्भिक जू, "सिनां जक दैगु स्वर्ग छुयायेत ?" स्वर्गीय भोग सम्पदा दैगु खःसा आः हे म्वाना च्वंबले माःगु खः ।

आः हाकनं विषय सन्दर्भय् दुहाँ वने-'वर्तमान अशान्ति व बौद्ध समाधान बारे' । थौं नेपाःलय् जक मखु विश्वन्यंकभनं अशान्ति या हाकु व धाकु फय् वया च्वंगु दु, फसं कया च्वंगु दु । शान्ति धैगु छु गुम्ह भ्रंगःपंछिया नां खः सीइके थाकुया च्वंगु जुल । अशान्तिरूपी मारयात न्हंकेत यक्वः यक्वः उपायत छ्यला स्वत, तर नं स्थायी शान्ति देविं थाय् बाय् काय् फया च्वंगु मदु । अशान्ति रुपी आध्यात्मिक मारयात न्हंकेत भौतिक थीथी उपायत छ्यला स्वत, स्वयेनं धुंकल, अयनं स्थायी शान्तिया सवा काय् फया च्वंगु मदु । मौर्य नरेश, धर्म सम्राट अशोकया २८ दँया धार्मिक शासन लिपा आःतकया नीस्वसः दँया ऐतिहासिक कालखण्डय् गनं गुथाय् हे नं स्थायी शान्तिदेविं बास काःगु खनेमदु, खँके फैमखु । निशस्त्रीकरण अभियानया न्ह्यलुवाः जुया बिना हात हतियार शस्त्र अस्त्रं पूर्ण तवरं धार्मीक राज्य चले याना बिज्यागु बौद्ध ईतिहास साक्षी दु । थौं संयुक्त राष्ट्र संघ पलिस्था जूगु ५८ दँ पुले धुंकल, अन्तर्राष्ट्रिय (विश्व) मानव अधिकार घोषणा जूगु ५५ दँ फपुले धुँकल, उलिया दुने स्थायी शान्तिया निम्ति यक्वः यक्वः सभा, सम्मेलन, बिचाः गोष्ठी जुये धुँकल, यायेधुँकल । अझ नं स्थायी शान्तिया मू हाः ल्वीके फया च्वंगु मदु । नेपाः या सन्दर्भय् धायेगु खःसा माओवादी समस्या ज्यंके धका यक्वः यक्वः हे कुतः व वार्ता मजूगु नं मखु । समस्याया मू हा गन खः धका मालेकुले नं यागु खः । समाधानया उपाययात छगू पक्षं मेगु पक्षयात थ्वीके, ध्वाथुइके फया च्वंगु मदु । राजनैतिक समस्यायात राजनैतिक तवरं हे समाधान यायेत स्वयेमाः । राजनैतिक समाधानया न्हापांगु पला व चरण धैगु बार्ता खः । धका हालाच्वंगु दु, बार्ता याना च्वंगु नं खः । अयनं सहमति ज्वीमफु, समभ्रदारी कायम यायेमफु । अहमता व घमण्डयाना सफल जुया च्वंगु मदु । "दशजनाको एघार मुजी" जुया च्वन नेपाली भाषाया उखान कथं ।

नेपाःया वर्तमान अशान्तियात बौद्ध दृष्टिकोणं बौद्ध साहित्ये न्ह्यथना तःकथं मालेकुले याना स्वत धाःसा यक्वः यक्वः हे उपायत ध्वदइके फु । च्वय् न्ह्यथना कथंया बार्ता याय्गु खःसानं छगू पक्षं मेगु पक्षयात शत्रुभावं वैरी भावं मस्वसे मित्र भावं मित्रवत् ब्यवहार यात धाःसा वार्ता सहज व सरल ज्वीफू । शान्तिया प्रवर्तक गौतम बुद्धं धम्मपदया न्हापांगु वर्गयमकवर्गया गाथा नं ५ य् "वैरभावं वैरगुबलें शान्त ज्वी मखु, अवैरभावं हे जक वैर शान्त ज्वी, ध्व हे न्हापांनिसे चले जुया वगु धर्म खः धका धया बिज्यागु अतिकं हे सान्दर्भिकजू, मनन योग्य जू । वसपोलशास्ता या बिचाः गुलि बाँला ! जिं धयागु धका धया बिमज्या ध्व धर्म न्हापांनिसे सनातन काल निसे चले जुया वोगु खः धका महानता ब्वया बिज्यागु खनेदु ।

अत्थे हे छगू पक्षं मेगु पक्षप्रति "चत्तुब्रह्म विहार" या भावना, विचाः, नीति व ब्यवहारयोग्य सिद्धान्त नाला कासा अतिकं हे बाँला ज्वी, सुथां लाई । मैत्री, करुणा मुदिता व उपेक्षा भावया दर्शनयात सम्यक ढंगं नाला परिपालन मज्वीकं समस्याया समाधान जुयेत अतिकं हे थाकुज्वी । भगवान् बुद्धपाखें प्रतिपादित चत्तुब्रह्म विहारया सिद्धान्त, नीति व भावनायात न त श्री ५ या




Downloaded from http://www.dhamma.digital

सरकारं नाला परिपालन या:, न त विद्रोही ने.क.पा. माओवादी पक्षं हे नाला परिपालन या: । उकिं विडम्बना थन नं न्ह्यागु खनेदु । २०५२ सालपाखे हे माओवादी पक्षं श्री ५ या सरकारप्रति ध्यानाकर्षण याना ४० शुत्रीय मागत तया आन्दोलनया अभियान न्ह्याक:गु भीसं खनागु हे जुल, सियागुहे जुल । राष्ट्रियता, प्रजातन्त्र व जनजीविकाया सवालया निम्ति धका ४० सूत्रीय मागत तया वोगु पार्टीप्रति श्री ५ या सरकारं (उबलेया प्र.मं. शेरबहादुर देउवा) वेवास्ता याना मागत पूवंकेगु मस्वगुया कारण थौं भीसं विकराल स्थिति भोगेयाय्माल, याना च्वना । भारतया छम्ह नांजा:म्ह दार्शनिक साहित्यकारं नेपा:या छगू पत्रिका यात अन्तार्वार्ता बीगु ब्वले धया दिगु खँ आ: नं सान्दर्भिक व मनन योग्य जूगु खनेदु- "नेपा: गरीबि, अशान्ति, हत्या, हिंसा, आतंक जूगुया हुनि धैगु बुद्ध (भगवान) यात म्हसिइके मफुगुलिं ख: ।" थन "बुद्ध धैगु शरीर मखु, विचार ख:, भावना ख:, नीति ख:, प्रज्ञा ख:, सिद्धान्त ख: ।" बुद्धं क्यना बिज्यागु लँपु लिना सम्यक दृष्टि तया सम्यक आजीविका हंगु जूसा थज्यागु विपत्ति, विकराल स्थिति वइ मखु ज्वी । बुद्धयात भीसं इले म्हसिके मफुत । बुद्धयात म्हंसिके धैगु हे प्रबुद्ध परिस्थितियात म्हसिइकेगु ख: । देशया अवस्थायात म्हसिइकेगु फुगु जूसा, देशया गरीबी, अशिक्षा, दरिद्रता, उकिंयात अफ जर्जर यायगु ज्या अन्याय अत्याचार, भ्रष्ट्राचार आदि इत्यादी अमानवीय शोषणं याना नं देशे माओवादीतय्त सा:सौ चूलागु धाय्माल । देशया गरीबी, अशिक्षा, दरिद्रता, अन्याय, अत्याचार, शोषण, भ्रष्टाचार आदी इत्यादी मारयात इलेहे सम्यक ढंगं, प्रबुद्ध ढंगं, जिम्मेवारी बोध कथं नाला, राष्ट्रीय भावनां ओतप्रोत जुया ज्याखँय् सत्तापक्ष लगे जूगु जुसा नेपा: माँया म्हय् ला ह्ये ह्ये स्ये स्ये मकुनिगु ज्वी, क्वेँकली व कवँ ख्वा मवईगु ज्वी ।

बुद्ध दर्शन छगू अथाह सागर ख: समस्या समाधानया उपायत् ल्वीकेगु मामलाय् । उपाय कौशलता यक्व: यक्व हे दु । ल्वीके थ्वीके जक मा:गु दु अले थ:गु जीवने व्यवहारे छ्यूले मा:गु दु, छ्यूले फयेके मा:गु दु । देशयात, देशया अमन चैन व शान्ति सुरक्षायात जबतक राज्य व्यवस्थां, सत्तां "सप्त अपरिहाणीय धर्म" यात नाला काई, व्यवहारे छ्यूली, तबतक छुंनं देशं स्यंके फैमखु, क्वथुने, क्वस्यंके फैमखु । अज्यागु अजर अमर धर्मोपदेश शान्तिया महानायक भगवान बुद्धं बैशालीया सारन्दद चेत्तिय (चैत्यय्) य् विहार याना च्वना बिज्याबले सत्तारुढ वज्जीपिन्त "न्हेगू अपरिहाणीय धर्म" या बारे कना बिज्यागु खँ आ: नं उत्तिकं हे राज्यपक्षं सत्तापक्ष नाला काये हेमा, नाला काये बह:जू । थ्व हे उपदेश बुद्धकालीन इले मगध नरेश अजातशत्रुया महामात्य वर्षाकार ब्राह्मणयात न्वायेकथं आनन्द भन्ते यात खँ थ्वका "सप्त अपरिहाणीय धर्म' या उपदेश ओवाद भगवान बुद्धं याना बिज्यागु थन न्ह्यथने, बह:जू, सान्दर्भिक जू । गुगु थौकन्हेया नेपा:या द्वन्दयात बुद्ध दर्शन कथं बौद्ध दृष्टिकोणं समाधानया अचूक लँपु जुया ब्यूगु खने दु ।

१. आनन्द ! गुबले तक वज्जीपिं नित्यरुपं मुना च्वनी, इमि सन्निपात बहुल जुया च्वनी । नियमित रुपं मुनेज्या न्ह्याना च्वनी वैठक, सभां सम्मेलनं जुया च्वनी उबलेतक हानी नोक्सानी ज्वी मखु । नियमित रुपं राज्य संचालन मामलाय् सत्ता साभेदारीया मामलाय् सहलह ब्याका च्वंसा, च्वंगु जूसा अन कचवं ब्वलंनिगु सवाल हे, वईमखु, हानी नोक्सानी ज्वीमखु ।

२. आनन्द ! गुगले तक मिले जुया वज्जीपिं मुनां च्वनी, मिले जुया उत्थान याना च्वनी, मिले जुया वज्जी पिनि यायेमागु ज्याखँ याना च्वनि, उबलेतक आनन्द ! वज्जीपिनि बृद्धि हे जुया च्वनी परिहानी ज्वी मखु । तर भीगुदेशे सत्तापक्षपिंनं मिलेजुया वैठक च्वंगु नं खने मदु, मिले चले जुया एकमत, एकमना जूगु खनेमदु । बैठक सभां पिहां वल कि हे थ:थ:गु तालं दम्फु बजे याना ज्वीगु भीसं खनागु हे जुल । अले गनं उन्नति ज्वी प्रगति ज्वी, विकास ज्वी ?

३. आनन्द ! गुबले तक वज्जीपिंसं प्रज्ञप्त मयागु यात प्रज्ञप्त मयाई, प्रज्ञप्त यागुयात समुच्छेदन मयाई, पुलांपिसं प्रज्ञप्त यानात:गु वज्जी धर्मयात हना पालन याई उबलेतक आनन्द ! वज्जीपिनि बृद्धि हे जुया च्वनी, परिहानी ज्वीमखु । थौकन्हे अधिकांश देशे भीगु देशे जक मखु, थ:गु सत्ता पक्षं यागु निर्णय निर्देशनयात अनुज्ञा याना अवज्ञा याना ज्वीगु चलन हे ज्वी धुंकल । पार्टी पार्टी दुने नं पार्टीया निर्णययात हाथ्या बिया अनुज्ञा, अवज्ञा याना जूगु खनागु जुल । थ्व हे अनुज्ञा, अवज्ञाया विकास जुया अन्तर द्वन्द अन्तर्विरोध चर्के याना देश टुक्रा जूगु, पार्टी निगू टुक्रा जूगु भीसं खनागु हे जुल, भोगे यानागु हे जुल थज्यागु प्रवृतिं दे व पार्टीया अवन्नति जकं ज्वी उन्नति व उत्थान भ्या भतिचा हे ज्वीमखु ।

४. आनन्द ! गुबले तक वज्जीपिसं थ: स्वया थकालिपिन्त सत्कार याइ, गौरबयाई, माने याई, पूजा याई, इमिगु खँ न्यनेमा: धका मतीतई, उबलेतक आनन्द ! वज्जीपिनि बृद्धि हे ज्वी, जुया च्वनी परिहानी ज्वी मखु । भीगु देशे उगु कथं थौकन्हेजुयाच्वंला ? विचा:याना दिसँ । भगवान बुद्धं मंगल सूत्रय् पूजायायेयोग्यपिन्त पूजा यायेगु, आदर गौरव तय् योग्यपिन्त आदर गौरव तय्गु, मान सत्कार याये

योग्यपिन्त मान सत्कार यायेगु उत्तमगु मङ्गलमय ज्याखः धका प्रशंसा याना बिज्यागु दु। तर सुं नं छुं नं पक्षं बुद्ध शिक्षायात परिपालन याना च्वंगु मदुसा गत्थे याना देशय् शान्ति देविंस्थायी बास काय् फै ?

५. आनन्द ! गुबले तक वज्जीपिसं कुलया मिसात कुलया म्ह्याय्मस्तेत बलजफ्ती यंका थःब्यु छैं मतई, उबलेतक आनन्द । वज्जीपिनि वृद्धि हे जुया च्वनी, परिहानी ज्वी मखु। तर भीगु देशे कुलया मिसात, म्ह्याय् मस्तेत जर्बर्जस्ती, बलात्कार जुया च्वंगु दु । सामन्ती पूंजिवादी मुलुके न्ह्याथाय्सं जर्बर्जस्ती व वलात्कारयाना हत्या तकं याईगु, यागु, जूगु बुखँत यक्वः हे ब्वनागु, न्यनागु जुल । माओवादी समस्याया शुत्रपात हे थनं जुल धासां पाईमखु । रोल्पा .रुकुम पाखे हे ज्वीमा दकले न्हापांया पुसा धैगु हे पुलिसं गामे या छम्ह मिसा मचायात बलात्कार यागु घटना यात छानविन याना कारवाही यायगु ला गनं गनं, उकिंयात धाक छोप याय्गु कुतः यायेगु हुनिं थौ देशन्यंक भनं माओवादी समस्या विकराल जुया वल । उबले हे अपराधीयात इले हे छानविन कारवाही याना उचित सजाय ब्यूगु जूसा थज्यागु समस्या मवईगु खई । उकिं धर्मशास्त्रे धयातःगुदु, मिसा धैगु हे मि खः । मियात उचित तवरं सम्हाले यासा यक्वः ज्या काय् ज्यू, मखुथे छ्यलः धासा ह्रास नाश ज्वीफु ज्वीयो । उकिं मि यात, मिसा यात सत्कार यायेमाः ।

६. आनन्द । गुबलेतक वज्जीपिंसं थःगु नगर दुने पिनेया चैत्ययात सत्कार याई, गौरव तई, मान याई, पूजा याई, थुमिगु निंम्तिं न्हापांनिसे बियातःगु, न्हापांनिसे याना तःगु धार्मीक ज्याखँ न्हंका छ्वई मखु उबलेतक आनन्द । वज्जीपिनिवृद्धि हे जुया च्वनी, परिहानी ज्वी मखु । तर यत्थे नं यथार्थ रूपं भीगु देशय् जुया च्वंगु मदु, याना च्वंगु मदु । औपचारिकता जक पुरे याना च्वंगु खनेदु । अले गनं उत्थान ज्वी, बृद्धि ज्वी ?

७. आनन्द । गुबलेतक वज्जीपिंसं (अरहत् पिनिप्रति) योग्य पाहुना प्रति धार्मीक रुपं आरक्षा, आवरण तया गोप्यताया निम्तिं संविधान याई, गुकिं याना लिपा बिज्याईपिं योग्य नं राज्ये बिज्यायेमा तथा बिज्याना च्वंपिनं योग्यपिं राज्ये सुखपूर्वक विहार याये फयेमा धयागु खँ दया च्वनी, उबलेतक आनन्द । वज्जीपिनि बृद्धि हे जुया च्वनी, परिहानी ज्वी मखु । थौकन्हेयागु सन्दर्भे ज्ञानी पुरुषपिं, विद्वान बुद्धिजीविवर्ग पिनिगु सल्लाह सुझाव कया, परिपालन याना क्यनेमागु खः थत्येजुया च्वंगु मदु, याना च्वंगु मदुसा गत्थेयाना उत्थान ज्वी, अभिवृद्धि ज्वी ? राज्य सत्ता चले याना च्वंपिं व विद्रोही पक्ष पिसंनं बुद्ध शिक्षा अध्ययन याःगु खने मदु, अध्ययन हे मयासा परिपालन व व्यवहारे गत्थे छ्यले फै ? भगवान बुद्धं ओवाद याना बिज्यागु अजर अमर उपदेश 'सप्त अपरिहाणीय धर्म' यात नाला क्या च्वंगुमदु । थ्व न्हेगू अपरिहाणीय धर्मयात पालन निगू पक्षं यागु जूसा शान्तिपूर्ण समाधानया लँपु अवश्य नं लुया वई, आःतक नं थःथःगु राजनैतिक आस्थाया हुनीं पूंजिवादी विचार धारायात नाला च्वनसा गुगुं पक्ष सामाजिक, साम्यवादी विचार धाराया लपुं माला च्वन । तर थ्व हे धरती जन्म जूम्ह गौतम बुद्ध या शिक्षायात सुं गुगुं पक्षं नं मनन याना परिपालन याना च्वंगु खनेमदु ।

II. भगवान बुद्धं देशे अमन चयन कायम् यायत् मागु "भिगू राज धर्मया" बारे उपदेश याना बिज्यागु पालि साहित्यय् लुईके अपू। राज्य ब्यवस्था चले याईपिं सत्तासिन वर्गतय्सं व राजनैतिक नेता व कार्यकर्तातय्सं सय्का सिईका ध्वींका परिपालन यासा देशे स्थायी शान्ति व अमन चैन धैगु उलि तापागु विषय मखु । देया जुजुं निसे क्या सामाजिक राजनैतिक नेता कार्यकतातय्सं भगवान बुद्धं कना क्यना बिज्यागु "दशराजधर्म" (भिगू राजधर्म) मनन याये बहःजू, याये हेमा; वसपोलया शिक्षा परिपालन यासा थौकन्हेजुया च्वंगु थेंजाःगु विकराल स्थिति, हत्या, हिंसा, अन्याय, अत्याचार भ्रष्टाचार थेंजागु सामाजिक विकृतित ज्वीमखु, स्थायी शान्ति व अमन चैनत सदा स्थिर जुया च्वनी ।

भिगू राज धर्म" या संक्षिप्त थत्थे खः

क. स्वतन्त्रता, उदारता व दान भावना
ख. शीलाचार जुयेमागु (उच्च नैतिक चरीत्र दयेमागु
ग. परित्याग भावना
घ. इमान्दारीता व पवित्रता
ङ. सहानुभूति व कोमलता
च. आत्मसंयमित बानी
छ. मेपिंप्रति द्वेष भावना मतयेगु ।
ज. अहिंसा भाव
झ. क्षान्ति भाव (धैर्य, क्षमा, सहनशक्ति समझदारी)
ञ. अविरोध भाव सदा प्रकट याय्गु

स्वयादिसँ डा. भिक्षु वलपोल राहुलं च्वया बिज्यागु सफू "The Teaching of the Buddha"

III. भगवान बुद्धं दीघ निकायया न्यागूगु सुत्रकथं कुटदन्त सुत्र उपदेश याना बिज्यागु नं थौंया भीगु देया परिस्थिति यात पाय्छिजू वः । उगू सुत्रय् कुटदन्त ब्राह्मणं भगवान बुद्ध याके भिंखुता परिष्कार दुगु त्रिविध यज्ञ सम्पदाय बारे न्यंकूलबे वसपोल शास्तां न्हापा न्हापां महाधनी, महाभोगी, प्रशस्त लुँ वहः प्रशस्त वित्त उपकरण प्रशस्त वाजाकीं परिपूर्ण धुकू व भकारी दुम्हः महाविजित



Downloaded from http://www.dhamma.digital

जुजुं या शासन काले वसपोलया जनपद (देशय) य् खुँ, डाँका, लुच्चा तयसं दु:ख बिया च्वंगु, आतंक मचे याना त:गु, थेंजागु विषय अवस्था यात क्या बुद्धया धापू कथं अनया पुरोहित पण्डित ब्राह्मणपिंसं सल्लाहब्यूगु नं न्ह्यथने बह:जू । गुगु थत्थे ख: ।

१. महाराज ! छ:पिनिगु जनपदय् च्वंपिं कृषि-गोपालले उत्साहित जूपिनि निम्तिं छ:पिसं पुसा व नसा वितरण याय्गु व्यवस्था याना बिज्याहुँ ।
२. महाराज ! छ:पिनिगु जनपदे च्वंपिं ब्यापार यायेगुलिं उत्साहित जूपिनिं निम्तिं छ:पिसं पाभत (पूँजि) वितरण याय्गु व्यवस्था याना बिज्याहुँ ।
३. महाराज ! छ:पिनिगु जनपदे च्वंपिं उत्साहित राजपुरुष पिनि निम्तिं सरकारी नोकरी ब्यवस्था मिले याना इमित तलब व भत्ता समेत ब्यवस्था याना बिज्याहुँ । थुलि याना बिईवं वेकारीमजुसे थ:थ:गु ज्याय् लगे जुया इपिं मनूतय्सं जुजुया जनपदे दु:ख बिईमखु । देशया नं आपालं राजस्व बृद्धि ज्वी । जनपदे सुखी व क्षेम प्राप्त ज्वी । अनलि मनूत लय् लय्ताया मुले मस्त म्हितका छेँय् लोखा खापा तिई म्वागु थें च्वंक जुया आनन्दं च्वना च्वनी । थत्थे पण्डित पुरोहित ब्राह्मण पिनिगु सल्लाह परामर्श कथं याना ब्यूवले जनपदय् सुनानं छुं कथं हे दु:ख मबिल, थ:थ:गु ज्या खँय् ब्यस्त जुया च्वन । रोजगारी दत कृषि पेशा व्यवसाय न्ह्याना च्वन, ब्यापार व्यवसाय उतिकं हे चले जुया च्वन जागीर नोकरी मिले जुया देशय् न्यंक भनं अमन शान्ति कायम जुल । देशय् राजस्व बृद्धि जुल, सकल या जय मंगल जुल । शान्ति स्वस्ती कायम जुल । परिस्थिति वर्तमन समस्या या समाधान धैगु राजनैतिक तवरं याय्मागु बार्ता हे ख: । मेगु बिकल्प मदु । ■

## मेत्ता सेन्टरको अनुरोध

### (ध्यानकुटी बाल आश्रम बनेपा)

| | | |
|---|---|---|
| १. | खाना खर्च प्रति बालिकाकों लागि (बार्षिक) - | १०,०००/- |
| २. | स्कुल खर्च प्रति बालिकाको लागि (वार्षिक) - | ६५०/- |
| ३. | खाजा खर्च प्रति बालिकाको लागि (वार्षिक) - | ३०००/- |
| ४. | साबुन, टूथपेष्ट, ब्रस आदि खर्च प्रति बालिकाको लागि (मासिक) | ५०/- |
| ५. | स्कुल ड्रेस (जुत्ता, मोजा, ब्याग आदि) खर्च प्रति बालिकाको लागि (वार्षिक) - | ११००/- |

यस बाल आश्रम (मैत्री केन्द्र) ध्यानकुटी विहार बनेपाको लागि आ-आफ्ना श्रद्धा अनुसार सहयोग गरिदिनहुन अनुरोध गर्दछ र साथै अहिलेसम्म सश्रद्धा सहयोग गरिदिने दाताहरू सबैलाई ध्यानकुटी बाल आश्रम कृतज्ञता ज्ञापन गर्दछ ।

## बाल आश्रमलाई सहयोग

**मेत्ता सेन्दर बाल आश्रम ध्यानकुटी बनेपालाई सहयोग दिनुहुने दाताहरूको नामावली**

१. जापानी नागरिक ओकाबे आछुसी तर्फबाट प्राप्त सहयोग
- एकजना बालिकालाई खाना खर्च (वार्षिक) - रु. १०,०००।-
- जापानी भाषा पढाउनको लागि खर्च - रु. ११,०००।-
- बारह जना बालिकाहरूलाई पाइन्ट - २४ थान
- बारह जना बालिकाहरूलाई स्कुल जाने जुत्ता - १२ थान
- बूट जुत्ता - ६ जोर, - भित्री गंजी - ४ थान
- मट्टितेलको हीटर - २ थान
- भित्री सुरुवाल (पेन्टी) - १२ थान

२. एक मलेसियन नागरिकबाट प्राप्त सहयोग - रु. ५००।-
३. कुमार दास रंजित टेकूबाट प्राप्त सहयोग - रु. ५००।-
४. धम्मवती गुरुमांको तर्फबाट बाल आश्रमको लागि एक कोठा निर्माण गरिदिनु हुने बचन बद्धता प्राप्त ।
५. स्व. पुत्रको पूण्य स्मृतिमा तीर्थदेव मानन्धरबाट - रु. २००।-

## धर्मकीर्ति पत्रिकालाई चन्दा

कमला गुरुमाँले आफ्नो सुस्वास्थ्य लाभ गर्नुभएको उपलक्ष्यमा धर्मकीर्ति पत्रिलाई रू. ५००/- चन्दा प्रदान गर्नुभएको छ ।

धर्मकीर्ति पत्रिकाको तर्फबाट उहाँको सुस्वास्थ्य, दीर्घायु कामनाका साथै साधुवाद प्रकट गरेको छ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनीवारिय कार्यक्रम

२०६० पौष ५ गते, शनिवार, स्थान- धर्मकीर्ति विहार।

**विषय: लेखन प्रतिभा तालिम**

रिपोर्टर : बिमला शाक्य।

यसदिन सुरेश किरण मानन्धरले लेखन प्रतिभा प्रशिक्षण दिने सिलसिलामा भन्नुभयो–

कुनैपनि लेखको Feature लेख्दा लेखकले सूचनाहरू संकलन गर्न अत्यावश्यक छ। यदि आफूसंग प्रयाप्त मात्रामा सूचना संकलन हुन नसकेमा निम्न सामग्रीहरू जम्मा गर्न आवश्यक छ।

१. Creative Writing कल्पना शक्ति यथार्थ घटनाको कल्पना गरी लेख्ने।
२. Detail मूख्य मूख्य विषयहरू विस्तृत रूपले लेख्ने।
३. Description (पूर्ण विवरण) कुनै घटना वा कार्यक्रमको Feature लेख्दा पाठकवर्ग आफैले त्यस दृश्य देखे जस्तै लाग्ने तरिकाले लेख्ने।
४. Example (उदाहरण) यदि यथेष्ट सूचना नपुगी वर्णन गर्न सकिएन भने कुरालाई सुहाउँदो उदाहरण दिने।
५. संवाद त्यस Feature मा संवाद पनि लेख्न सकिनेछ।

### लेखन कला तालिम

रिपोर्टर- श्यामलाल चित्रकार

सन्ध्या टाइम्सको सम्पादक श्री सुरेश किरण मानन्धरले वितेको केहि महिनाहरूदेखि महिनाको अन्तीम शनिश्चरबारका दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूलाई लेखन कला सम्बन्धि तालिम दिँदै आउनु भएकोमा २०६० साल पौष २६ गते शनिश्चरबारका दिन पनि तालिम कक्षा सम्पन्न गर्नुभयो। सो दिन श्रद्धेय भिक्षु अश्वघोष महास्थवीरको प्रव्रजित भएको ६० वर्ष पुगेको पूनित उपलक्ष्यलाई लिइ श्रद्धेय भन्तेको मैत्री र करुणा यूक्त विभिन्न कृयाकलाप तथा योगदान सम्बन्धी लेखहरू तयार गर्ने सम्बन्धमा छलफल भयो। लेखहरू तयार गर्दा सकेसम्म विभिन्न रोचक शैलीहरू अपनाउने र लीड लाईनलाई विशेष ध्यान दिनुपर्ने कुरामा वक्ता श्री मानन्धरले जोड दिनु भयो। लेखहरू २०६० साल माघ मसान्त सम्ममा बुझाइ सक्नु पर्नेछ। त्रिरत्न वन्दनाबाट शुरु भएको यस तालिम कक्षाको सञ्चालन श्री राजा वज्राचार्यले गर्नुभएको थियो।

### श्रामणेर प्रव्रज्या र ऋषिनी प्रव्रज्या सम्पन्न

२०६० माघ २–८ गते।

स्थान- धर्मकीर्ति बसुन्धरा विहार

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी धर्मकीर्ति विहारको आयोजनामा मिति २०६० माघ २ गते श्रामणेर प्रव्रज्या र ऋषिनी प्रव्रज्या गरी जम्मा २१ जना बाल बालिकाहरूलाई प्रव्रज्या गरिएको थियो। ती प्रव्रजित बाल बालिकाहरूलाई मिति २०६० माघ ३ गते देखि ७ गतेसम्म नैतिक शिक्षा, स्वास्थ्य लगायत चित्रकला सम्वन्धि शिक्षा र सरसफाई विषयमा पनि प्रशिक्षण दिइएको थियो। यसको साथै ध्यान अभ्यास पनि गराइएको थियो।

उक्त कार्यक्रममा संयोजिका मीना तुलाधर रहनु भएको थियो भने प्रशिक्षकहरू यसरी रहनु भएका थिए-

भिक्षु अश्वघोष महास्थविर, भिक्षु बोधिज्ञान, धम्मवती गुरुमां, कुसुम गुरुमां, इन्दावती गुरुमां, वीर्यवती गुरुमां, सानुकेशरी, डा. सुमन कमल तुलाधर, तारादेवी तुलाधर, र मदन रत्न मानन्धर आदि।

### अन्धकार जीवनबाट उज्यालो तिर



*म श्रामणेर गौतम,*

*अन्धकार अँध्यारोमा रुमलि रहेको थियो आज सौभाग्यले साथ दिएर बुद्ध धर्मको मिरमिरे नौलो बिहानी उज्यालो शान्ति को नयाँ गोरेटोमा बुद्धशासन (सिकाउने) शिक्षा दिने मेरे गुरु भिक्षु अश्वघोष र अनि जीवन भरि बिर्सन नसक्ने प्रेरणा र बुद्धधर्मको शान्ती दीपको उज्यालोमा ल्याईपुऱ्याई दिनु हुने मेरे धम्मवती गुरुमां हुन्। र उहाँहरूलाई मेरे तर्फबाट सर्वप्रथम अझ प्रेरणा पाउने आशा लिँदै हार्दिक मंगल मय शुभकामना शुभकामना*



Downloaded from http://www.dhamma.digital



**पद्मकीर्ति विहारमा विपश्यना ध्यान अभ्यास**

बर्माबाट आउनु भएका सिष्टर एवम् ध्यानगुरु दो ल्हा म्येबाट पद्मकीर्ति विहार कमल पोखरीमा २०६० पौष ११ गतेदेखि ३ हप्ता सम्म उपासक उपासिकाहरूलाई विपश्यना ध्यान अभ्यास गराइएको समाचार छ। प्राप्त समाचार अनुसार यस कार्यक्रमबाट थुप्रै उपासकोपासिकाहरूले विपश्यना ध्यान अभ्यास गर्ने मौका प्राप्त गरी ध्यान लाभ गरेका थिए।

**सुस्वास्थ्य लाभको उपलक्ष्यमा बुद्धपूजा र दानप्रदान**

२०६० पौष २४ गते, विहीवार।
थाय्- पद्मकीर्ति विहार, कमलपोखरी।

कमला गुरुमांले आफ्नो मृगौला प्रत्यारोपण गर्नु भएको एक वर्ष पुगेको र सुस्वास्थ्य लाभ गर्नु भएको उपलक्ष्यमा उहाँले बुद्धपूजा र प्रदिपपूजा कार्यक्रम आयोजना गर्नुभई पूज्य गुरुमांहरूलाई भोजन दान एवं दान प्रदान गर्नुभएको समाचार छ।

**२५४८ औं बुद्ध जयन्ती समारोह समति गठन**

२५४८ औं बुद्ध जयन्ती भव्य रुपले मनाउने सिलसिलामा एक मूल समिति यसरी गठन गरिएको समाचार छ।

अध्यक्ष– भिक्षु कुमार काश्यप महास्थविर।

उपाध्यक्षहरू– भिक्षु आनन्द, बुद्ध रत्न वज्राचार्य, श्यामकृष्ण मान्नधर, र नानीभाई स्थापित आदि।

समितिका सल्लाहकारहरू– भिक्षु अश्वघोष महास्थविर, तीर्थ नारायण मानन्धर, लोकदर्शन वज्राचार्य, प्रयागराज सिंह सुवाल, प्रा. सुवर्ण शाक्य, ज्ञान ज्योती कंसाकार र लक्ष्मीदास मानन्धर।

समितिका सदस्यहरू– भिक्षु कोण्डञ्ञ, भिक्षुणी धम्मवती, अमृतलाल रञ्जित, कुल धर्मरत्न तुलाधर, न्हुच्छे बहादुर वज्राचार्य, केदार शाक्य, इश्वरमान सिंह, रमेश मानन्धर, डा. अनुप श्रेष्ठाचार्य, काल्देन शेर्पा, नामग्याल श्रेष्ठ, धर्म रञ्जित, शंकरराज सिंह डंगोल र पुष्परत्न तुलाधर आदि।

यसरी नै गौतम शाक्य, संघरत्न शाक्य, डा. लक्ष्मण शाक्य, माणिक रत्न शाक्य, र मणिरत्न तुलाधर, क्रमैसंग मुख्य सचिव, सचिव, कोषाध्यक्ष र उपकोषाध्यक्ष रहनु भएका छन्।

यसरी नै उक्त समतिको वैठकले विभिन्न उप समितिहरू यसरी स्थापना गरिएका छन्–

*प्रचार प्रसार र धर्मदेशना* - भिक्षु आनन्द
*विहार श्रृङ्गार* - भिक्षु धर्ममूर्ति
*समारोह प्रवन्ध र मञ्च श्रृङ्गार* - गुह्यरत्न शाक्य
*अस्थिधातु यात्रा प्रवन्ध* - लक्ष्मीदास मानन्धर
*चन्दा संकलन* - तुलसी कृष्ण मानन्धर
*अस्थिधातु प्रदर्शन* - साहिलामान तुलाधर
*खाद्य व्यवस्थापक* - चसाँढ मानन्धर परिवार
*रक्तदान र नेत्रदान* - रामेश्वर प्रसाद श्रेष्ठ
*बौद्ध कविता गोष्ठि* - बेटी वज्राचार्य
*जेवी पात्रो प्रकाशन* - संघरत्न शाक्य
*स्मारिका प्रकाशन* - अष्टमुनि गुभाजु
*जलपान र भोजन व्यवस्थापन* - इन्द्रनारायण मानन्धर
*स्वयंसेवक व्यवस्था* - आनन्दकुटी विद्यापीठ विद्यार्थी परिवार

यसपाली बुद्धजयन्ती कार्यक्रमको सिलसिलामा काठमाडौंमा बुद्ध अस्थिधातु र मूर्ति एवं तस्वीर बग्गिमा राखी बाजा गाजा सहित नगर परिक्रमा गरिने कार्यक्रम पनि रहेको छ।

**संघ व्यवस्थापन एवम् कार्ययोजना तर्जुमा गोष्ठी सम्पन्न**

ज्ञानमाला संघ, आनन्द विहारको आयोजनामा संघ व्यवस्थापन एवम् कार्य योजना तर्जुमा गोष्ठी आनन्द विहार, तानसेनमा सम्पन्न भएको समाचार छ।

संघका अध्यक्ष सर्जुलाल वज्राचार्यको सभापतित्वमा सम्पन्न भएको सो गोष्ठीको समुद्घाटन प्रमुख अतिथी भिक्षु धर्मज्योती महास्थविरज्यूबाट भएको थियो। संघका

कार्यकारिणी समितिका पदाधिकारीहरू, विभिन्न उप-समितिका सदस्यहरू, एवम् सल्लाहकारहरू गरी जम्मा २० जनाको सहभागिता रहेको सो गोष्ठीमा निवर्तमान अध्यक्ष देवेन्द्र मान शाक्यले स्वागत गर्नुभएको थियो भने अध्यक्षबाट कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्नु भएको थियो । उक्त गोष्ठीमा सहजकर्ताका रूपमा मेहल्धारा तानसेन पाल्पाका श्री तुल्सी न्यौपानेज्यूले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा सहभागीहरूको तर्फबाट संघका सल्लाहकार द्वय श्री प्रेम मान शाक्य र श्री दशरथ मुनी शाक्यले गोष्ठी सम्बन्धी आ-आफ्नो धारणा व्यक्त गर्नु भएको थियो भने सहभागीहरूलाई संघका सह-सचिव रत्नमान वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीहरूलाई प्रमुख अतिथीवाट प्रमाणपत्र वितरण गर्नुभएको थियो भने प्रशिक्षकलाई संघका अध्यक्षबाट मायाको चिनो एवम् प्रशंसापत्र प्रदान गर्नुभएको थियो । ज्ञानमाला संघ आनन्द विहारले आफ्नो आगामी कार्यक्रमहरूलाई योजनाको रुपमा अगाडी ल्याउन आयोजना गरिएको उक्त गोष्ठीको संचालक सचिव विनयराज वज्राचार्य हुनुहुन्थ्यो ।

**प्रतीत्य समुत्पाद (हेतुवाद) विषयक कक्षा संचालन**

ज्ञानमाला संघ, आनन्द विहार, तानसेन पाल्पाको आयोजनामा श्री महाबोधि विहार, लहरेपिपल, तानसेनमा प्रतीत्य समुत्पाद विषयक कक्षा संचालन भएको छ। बुद्धधर्म सम्बन्धि ज्ञान दिलाउने उद्देश्यले संचालन गरिएको उक्त कक्षामा विभिन्न धार्मिक संघ संस्थाका प्रतिनिधीहरू गरी जम्मा ७० जनाको सहभागिता रहेको उक्त कक्षामा बुटवलबाट पाल्नु भएका श्रद्धेय भिक्षु जटिलज्यूवाट धर्मदेशना भएको छ ।

उक्त अवसरमा ज्ञानमाला संघका अध्यक्ष सर्जुलाल वज्राचार्यबाट स्वागत मन्तव्य व्यक्त गरिएको थियो भने संघका भू.पू. अध्यक्ष तथा सल्लाहकार दशरथ मुनी शाक्यबाट प्रतीत्यसमुत्पाद विषयमा छोटो प्रकाश पारिएको थियो । पाँच दिन सम्म चल्ने उक्त कार्यक्रमको अन्तिम दिन भिक्षु जटिल लगायत अन्य २०/२२ जना भिक्षुहरूबाट तानसेन नगरमा भिक्षाटन गर्ने कार्यक्रम रहेको छ ।

**"अभिधम्म पिटक पट्ठानपालि" सि.डि. विमोचन एवं "अभिधम्म पट्ठान" ग्रन्थ दान**

२०६० पौष २४ गते । स्थान- होटल अन्नपूर्ण, दरवार मार्ग ।

एभिन्यूज टेलिभिजनका कार्यकारी अध्यक्ष भाष्कर राज राजकर्णिकारको आयोजनामा अभिधम्मपिटक पट्ठानपालि, सि.डि. विमोचन र अभिधम्म पट्ठान" ग्रन्थ दान कार्यक्रम सम्पन्न गरिएको छ । विभिन्न दाताहरूको सहयोगमा दान गरिएको उक्त अभिधम्म पट्ठान ग्रन्थ विभिन्न विहारहरूलाई दानगरिएको थियो ।

यसरी नै अभिधम्म पिटक पट्ठान पालि सि.डि. भाष्कर राज कर्णिकार प्रमुख सपरिवारले उहाँका पिताको निरोगी कामनाका साथै कृतज्ञ गुणानुस्मरण गरी प्रकाशन गरिएको थियो ।

समारोहका प्रमुख अतिथी सम्माननिय उप सभामुख चित्रलेखा यादवबाट सि.डि. विमोचन गर्नुका साथै अभिधम्म पट्ठान ग्रन्थ दान गरिएको उक्त समारोहमा विभिन्न बौद्ध विद्वानहरूले अभिधम्मको महत्त्व विषयमा प्रकाश पार्नु भएका थिए ।

यही क्रममा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भिक्षु ज्ञाणपूर्णिक महास्थविरले पट्ठान ग्रन्थ अति गम्भिर, शूक्ष्म र दूरदर्शनीय रहेको कुरा उल्लेख गर्नुभयो । यसका साथै उहाँले संसार हेतु र फल (कारण कार्य) द्वारा चलिरहेको सत्य तथ्यलाई पट्ठानमा उल्लेख गरिएको कुरा वताउनु हुदै पट्ठान ग्रन्थ बुद्ध शासन रक्षा गर्नका लागि अत्यन्त महत्वपूर्ण रहेको कुरा प्रस्तुत गर्नुभयो ।

यसरी नै भाष्कर राज राजकर्णिकारले उक्त समारोहमा बुद्ध शिक्षा पट्ठानलाई सि.डि. मार्फत प्रचार प्रसार गर्न पाएकोमा हर्ष व्यक्त गर्नुभयो । साथै भविष्यमा एभिन्यूज टेलिभिजनले पनि यस बुद्ध शिक्षालाई प्रसार गरिने जानकारी दिनुभयो ।

यही क्रममा भिक्षु कौण्डञ्ञले त्रिपिटकको संक्षिप्त जानकारी दिनुहुदै अभिधम्म पिटकमा उल्लेखित परमार्थ देशनाको महत्त्व औंल्याउनु भयो ।

समारोहका प्रमुख अतिथी सम्माननिय उप सभामुख चित्रलेखा यादवले आफ्नो मन्तव्य दिने क्रममा बुद्धको दर्शन र विचार अभ्यास र व्यवहारमा लागु गर्नुपर्ने कुरामा जोड दिनुहुँदै भौतिकवादी भई सुखमा मात्र नभुली आध्यात्मिक सुखको खोजीमा लाग्नुपर्ने सुझाव दिनुभयो ।

यसरी नै धम्मवती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै कुनै पनि समस्या समाधान गर्नका लागि त्यसको प्रमुख कारणलाई पत्तालगाई त्यसलाई हटाउनु पर्ने हुन्छ । किनभने संसार हेतुद्वारा बनिएको छ । कुनै पनि घटना घटिनुको पछाडि त्यसको अवश्यपनि कुनै कारण हुनेछ । अभिधर्ममा यही हेतु र फल विषयमा उल्लेख गरिएको छ भन्नुभयो । यसको साथै उहाँले हाल नेपालमा मच्चिरहेको अशान्तिको प्रमुख कारण मानिसहरूको मनमा रहेका असिमिति लोभ र क्रोध हो भन्नुभयो ।

उक्त कार्यक्रममा डा. धम्मविजया गुरुमांले



Downloaded from http://www.dhamma.digital

अभिधम्म पट्ठान ग्रन्थ छापिनुको कारण प्रस्तुत गर्नुहुँदै यस पुस्तक छाप्नका लागि आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली पढेर सुनाउनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा डा. दो मोलिनी गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## संघनायक भिक्षु सुबोधानन्दको जन्मदिन

२०६० माघ २ गते, शुक्रवार ।
स्थान- गण महाविहार, काठमाडौं ।

नेपालका जेष्ठतम भिक्षु संघनायक सुबोधानन्द महास्थवीरको ८९ औं वर्षिय जन्मदिन विविध कार्यक्रमका साथ मनाइएको छ । विभिन्न भिक्षु भिक्षुणीहरूलाई भोजन दान, धर्मदेशना, दान-प्रदान, शील प्रार्थना, परित्राण पाठ, बुद्धपूजा तथा कीर्तिपुर को समग्र ज्ञानमाला भजन खल:द्वारा भजन प्रस्तुत गरिएको उक्त कार्यक्रम काठमाडौं महानगर पालिकाका मेयर केशव स्थापितको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर, भिक्षु शोभित, भिक्षुणी धम्मवती, माणिकरत्न स्थापित र धर्मरत्न शाक्य आदिले संघनायक सुबोधानन्द महास्थविरले बुद्ध धर्ममा पुऱ्याउनुभएको योगदान विषयमा चर्चा गर्दै उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्नुभएको थियो ।

उक्त कार्यक्रममा ८ जना कुलपुत्रहरूलाई श्रामणेर प्रव्रज्या गरिएको थियो । उहाँहरूको नाम यसरी रहेको छ ।

| *प्रव्रजित नाम* | *गृहस्थी नाम* | *प्रव्रजित नाम* | *गृहस्थी नाम* |
|---|---|---|---|
| सुगतानन्द | रोशन अवाले | प्रज्ञानन्द | प्रजन महर्जन |
| चन्दानन्द | दिलीप महर्जन | शिलानन्द | रोजेन महर्जन |
| विवेकानन्द | विपिन महर्जन | खेमानन्द | निकेश महर्जन |
| मेधानन्द | सञ्जय महर्जन | मेत्तानन्द | सुगत महर्जन |

उक्त अवसरमा आँखादान तथा रक्तदान गर्ने ८१ जना महानुभावहरूलाई मेयर स्थापितद्वारा सम्मानपत्र पनि प्रदान गरिएको थियो । उक्त अवसरमा "धम्म विजय अभियान" नामक युवाहरूको समूहको पनि काठमाडौं मेयरज्यूले उद्घाटन गर्नुभयो ।

उक्त कार्यक्रम रमना श्रेष्ठले सञ्चालन गर्नुभएको थियो ।

## बुद्ध धर्म सम्बन्धी गोष्ठि

भक्तपुर । बौद्ध समकृत विहारको आयोजनामा बुद्ध धर्मको अभ्यासमा युवाहरूको भूमिका, समस्या र समाधानका उपायहरू विषयमा एक गोष्ठी सम्पन्न गरिएको समाचार छ ।

त्रिरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा युवा बौद्ध पुच:, मैत्रय युवा संघ, धर्मोदय सभा भक्तपुर शाखा, बौद्ध सम्पदा संघ, दीपंकर ज्ञानमाला भजन खल:का प्रतिनिधीहरू र युवा बौद्ध विद्वानहरूबाट बुद्ध धर्म प्रचार प्रसार गर्न बौद्ध संघ संस्थाहरू विच समन्वय गर्दै अगाडि वढाउनु पर्ने विषयमा मनसाय व्यक्त गरिएको थियो ।

## यशोधरा महाविहार असहाय सेवा समिति

थाय्- बुबहा: यल ।

विषय : हर्षन्हुक्ष सिरपा बारे ।

यशोधर महाविहार बुबहा:लँ दँ दसँ न्ह्याका वैच्वंगु जुग: समारोहस यले सञ्चालित बौद्ध परियत्ति शिक्षालयत यशोधरा बिद्यालय, शाक्यसिंह व नागबहा दीपंकर बौद्ध परियत्ति केन्द्रे छ तगिं नसें न्हे तगिं तक्के प्रथम जुम्ह भाजु/मय्जु यात हर्ष-न्हुक्ष कुँखें सिरपा धर्म पथ प्रदर्शक भाजु हेराकाजी सुईका पाखें ल:ल्हानां बिज्याईगु जानकारी बियाच्वना ।

मदनबहादुर वज्राचार्य, संरक्षक

"सामुदायिक स्वास्थ्य सेवा केन्द्र" नाग बहालं दीपंकर परियत्ति शिक्षालय नागवहालय् अध्ययन याना च्वंपिं छात्र छात्रापिन्त नि:शुल्क स्वास्थ्य सेवा थ्वहे वंगु ०६० पौष १ गते नसें प्रदान याना वया च्वंगु दु । निर्वाण मार्गे न्हयाँवनेत मदयकं मगागु शरीरयात रोगं मुक्त जुईका तय्गु अतिकं आवश्यक जु । निर्वाण पथया शिक्षा ग्रहणयाना च्वंपिं छात्र छात्रातयत नि:शुल्क स्वास्थ्य सेवा प्रदान याय् दया जिपीं तसकं लयता: ।

सामुदायिक स्वास्थ्य सेवा केन्द्र, नाग वहा: यल: ।

## टोखामा बुद्धपूजा र धर्मदेशना

काठमाडौं ।

ज्ञानमाला भजन खल: स्वयम्भूको आयोजनामा टोखास्थित बुद्ध विहारमा ज्ञानमाला भजन, बुद्धपूजा र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

पन्नाकाजी शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त कार्यक्रममा भिक्षु कोलितले धर्मदेशना गर्नुभएको थियो भने भिक्षु सद्धातिस्सले टोखा बुद्ध विहारको परिचय दिनुभएको थियो ।

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**

सिद्धी मङ्गल बुद्ध विहार यात २ आना २ पैसा जग्गा दान याना बिज्याम्ह हनेबहम्ह हर्ष रत्न धाख्वा २०६० साल पौष १३ गते थुगु सन्सारयात तोता दिवंगत जुया बिज्यागुलिं वेकया छे चोंपिं परिबारपिसं धैर्य धारण यायफेमा धका: सिद्धी मंगल बुद्ध विहारया उपासक उपासिका परिवार पाखें श्रद्धान्जली देछा:गु दु ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



जन्म :
ने.सं. १०५९ थिंगाला: चौथी
(१९९५ पौष महिना)

दिवंगत :
ने.सं. ११२३ दिल्लागा:
(२०६० श्रावण ११)


## दिवंगत निर्मला तुलाधर

जिमि हनेबह:म्ह चां **निर्मला तुलाधर** ६५ दँया वैशय् आकाभ्काकां मदुगुलिं छेँजपिसं संसारया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फयमा धका: बिचा: हाय्का च्वना ।

## न्यू ताम्राकार हाउस परिवार

भोताहिटी, काठमाडौं ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



जन्म :
ने.सं. १०५६ गुँलागा
(वि.सं. १९८२ भाद्र)

दिवंगत :
११२४ थिंलाथ्व
(२०६० मार्ग १०)

## दिवंगत अशोक रत्न तुलाधर

जिमि हनेबह:म्ह पाजु **अशोकरत्न तुलाधर** ७८ दँया वैशय् आकाभ्काकां मदुगुलिं वयक:या छेँज:पिसं प्रकृतिया अनित्य स्वभावयात थ्वीका: धैर्य धारण याय् फयमा धका: बिचा: हाय्का च्वना ।

## न्यू ताम्राकार हाउस परिवार

भोताहिटी, काठमाडौं ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं । फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital